# तात्कालिक राजनीतिक प्रस्ताव

## (सन्दर्भ जेनजी आन्दोलन)

(२०८२ कात्तिक ११-१२ गते बसेको नेपाल कम्युनिस्ट पार्टी (मसाल) को केन्द्रीय समितिको बैठकमा महामन्त्री कामरेड मोहनविक्रम सिंहद्वारा प्रस्तुत तथा पारित राजनीतिक प्रस्ताव)

प्रकाशक :

**नेपाल कम्युनिस्ट पार्टी (मसाल)**

केन्द्रीय कार्यालय

# भूमिका

१. हालै ने.क.पा. (मसाल)को केन्द्रीय समितिको बैठक सम्पन्न भएको छ । त्यसले हालैको जेनजी आन्दोलन र त्यसपछिको राजनीतिक परिस्थितिको विश्लेषण गरेर एउटा तात्कालिक राजनीतिक प्रस्ताव पारित गरेको छ, जसलाई सँगै दिइएको छ । त्यो प्रस्तावका ३ भागहरू छन् : प्रथम, जेनजी आन्दोलन र त्यसमा सङ्लग्न विभिन्न राजनीतिक शक्तिहरूको भूमिकाको विश्लेषण । द्वितीय, आम चुनाव सम्बन्धी धारणा र, तृतीय, वर्तमान अन्तर्राष्ट्रिय परिस्थिति सम्बन्धी दृष्टिकोण । प्रस्तावको अन्तमा बुटवलमा यही भाद्र १४ गते भएको पत्रकार सम्मेलनमा हाम्रो पार्टीकातर्फबाट प्रस्तुत गरिएको वक्तव्य ।

२. नेपालमा जुन जेनजी आन्दोलन भयो, त्यसको ठुलो चर्चा भएको छ र त्यसको परिणामस्वरूप देशमा कतिपय गम्भीर प्रकारका राजनीतिक परिवर्तनहरू भएका छन्, जसमा अन्तरिम सरकारको गठन, प्रतिनिधि सभाको विघटन, चुनावको घोषणा आदि उल्लेखनीय छन् । सर्वप्रथमः हाम्रो यो स्पष्ट र दृढ व्याख्या छ कि जसलाई जेनजीको आन्दोलन भनिएको छ, त्यो खाली प्रकट र बाह्य रूपमा नै जेनजीको आन्दोलन हो । तर, वास्तवमा आन्तरिक रूपमा त्यसलाई अमेरिकी साम्राज्यवादले नै सञ्चालन गरेको हो । त्यसका साथै भारतीय साम्राज्यवाद, राजावादी र अन्य कतिपय राजनीतिक शक्तिहरूले पनि त्यसलाई आफ्ना निहित स्वार्थका लागि उपयोग गर्ने प्रयत्न गरेका छन् । दलाई लामाले कतिपय 'स्वतन्त्र तिब्बत'को पक्षधर शक्तिहरूको पनि त्यसलाई नेतृत्व गरेको दाबीबाट मुख्य रूपमा त्यो आन्दोलन अमेरिकी साम्राज्यवादी वा सिआईएद्वारा सञ्चालित भएको कुरामा कुनै शङ्का रहन्न । अमेरिकाले, एकातिर, एमसीसीद्वारा नेपाललाई आफ्नो

सुरक्षा पङ्तीमा सामेल गर्न चाहन्छ भने, अर्कोतिर, तिब्बतमा दलाइ लामाको पुनर्स्थापनाको लागि नेपालको भूमिलाई उपयोग गर्न चाहन्छ । त्यसको त्यही रणनीतिअन्तर्गत नै त्यसले जेनजी आन्दोलनलाई परिचालन गरेको थियो र अहिले पनि त्यसलाई त्यही रणनीतिको पूर्तिको लागि उपयोग गर्ने प्रयत्न गर्दैछ ।

३. जेनजीको कुनै नीति, कार्यक्रम, सङ्गठन वा नेतृत्व नभएको कुरा व्यवहारबाट र स्वयम् उनीहरूले नै प्रकट गरेका विचार वा उनीहरूका बिचमा देखापरेको विवादबाट पनि प्रस्ट हुन्छ । उनीहरूका करिब दुई दर्जनभन्दा बढी ग्रुप भएको र उनीहरूका बिचमा कैयौँ मत मतान्तर भएको कुरा पनि सार्वजनिक रूपमा नै प्रकाशमा आउने गरेको छ ।

४. इतिहासका विभिन्न कालखण्डहरूमा नेपालको प्रजातान्त्रिक वा वामपन्थी राजनीतिमा जेनजी उमेर समूह वा युवाहरूको उज्ज्वल र गौरवमय भूमिका रहेको सर्वविदितै छ । त्यसकारण हामीले अहिले पनि उनीहरूको अहिलेको भूमिकालाई पनि अवमूल्यन गर्न चाहँदैनौँ । नेपालको वामपन्थी, प्रजातान्त्रिक आन्दोलनका अधिकतर नेता वा कार्यकर्ताहरूलाई हेर्‍यौँ भने, जो अहिले वृद्ध भइसकेका छन् वा जसको निधन भइसकेको छ, उनीहरूमध्ये धेरैले जेनजी अवस्थामा नै राजनीतिमा प्रवेश गरेका थिए । तर खाली उमेरका कारणले मात्र पनि जेनजी समूह राजनीतिक नेतृत्वका लागि योग्य हुँदैन त्यो लामो र कठिन सैद्धान्तिक स्पष्टता, राजनीतिक परिपक्वता वा कैयौँ प्रकारका सङ्घर्ष, उतारचढाव, व्यवहारिक अनुभव वा परीक्षाहरूका बिचबाट जानु आवश्यक हुन्छ । त्यो क्रममा गतकालमा जेनजी उमेरमा राजनीतिमा प्रवेश गरेका हजारौँ व्यक्तिहरूले पलायन गरेका वा गद्दारी समेत गरेका उदाहरणहरूको कमी छैन । त्यस प्रकारको पृष्ठभूमिमा अहिले उनीहरू जेनजी उमेरका भएका कारणले मात्र देशको राजनीतिक नेतृत्वको लागि उनीहरूलाई योग्य वा विश्वासका पात्र ठान्नु वा उनीहरूलाई देशको भविष्यको निर्माणको जिम्मा सुम्पनुका कैयौँ दूरगामी र घातक परिणामहरू हुन सक्दछन् ।

५. जेनजी आन्दोलनको दौरानमा देशव्यापी रूपमा ठुलो सङ्ख्यामा ध्वंसात्मक कार्यहरू भए । त्यस प्रकारका कार्यहरू जेनजीहरूका नीति र कार्यक्रमअन्तर्गत थिएनन् र उनीहरूले गरेका पनि होइनन् । तर यो कुरालाई अस्वीकार गर्न सकिन्न कि ती सबै कार्य जेनजीहरूको नाममा नै भएका थिए र उनीहरूले त्यस प्रकारका कारबाहीमाथि नियन्त्रण गर्न सकेका थिएनन् । उनीहरूको कुनै नीति, कार्यक्रम, सङ्गठन वा नेतृत्व नभएको हुनाले त्यस प्रकारका ध्वंसात्मक कार्यहरूमाथि नियन्त्रण गर्नु उनीहरूका लागि सम्भव थिएन । त्यसबाट अहिले र भविष्यका लागि पनि यो कुरा स्पष्ट भएको छ कि कुनै नीति र कार्यक्रम वा सङ्गठनमा आबद्ध नभएको असङ्गठित समूहका लागि कुनै आन्दोलनको नेतृत्व गर्नु सम्भव हुने कुरा होइन र त्यो अवस्थामा त्यो आन्दोलनले अराजक रूप लिनु अवश्यम्भावी छ र अहिलेको उनीहरूको अनुभवले पनि त्यो कुरालाई प्रमाणित गरेको छ ।

६. अहिले प्रतिनिधि सभाको विघटन गरियो, त्यो असंवैधानिक थियो र यदि त्यसले सर्वोच्चले पुनर्स्थापना गर्दछ भने हामीले त्यसलाई स्वागत नै गर्ने छौँ । साथै अहिले घोषणा गरिए जस्तो चुनाव हुन्छ भने पनि हाम्रो नीति त्यसलाई बहिष्कार गर्ने नभएर उपयोग गर्ने नै हुने छ । तर हाम्रो पार्टीको नवौँ महाधिवेशनले अन्य कुनै पक्षसित गठबन्धन वा चुनावी तालमेल नगरीकन नै चुनावमा भाग लिने निर्णय गरेको छ र आगामी चुनावमा पनि हामीले त्यही प्रकारले एक्लै चुनावमा जाने नीति अपनाउने छौँ । हामीले गतकालको प्रतिगमनका विरुद्धको गठबन्धन र चुनावी तालमेललाई नीतिगत रूपमा नै गलत मानेर वा भविष्यका लागि त्यस प्रकारको नीतिलाई पूरै निषेध गरेर एक्लै चुनावमा भाग लिने निर्णय गरेका होइनौँ । गठबन्धन वा चुनावी तालमेलको बेलामा अन्य पक्षहरूले इमानदारिता नदेखाएको वा अन्तर्घात गर्ने गरेको हुनाले त्यसका लागि विश्वसनीय आधार नभएको हुनाले नै हामीले एक्लै चुनावमा जाने निर्णय गरेका छौँ । त्यसबाट राजनीतिक भण्डाफोर, जनताका बिचमा राजनीतिक प्रचार र जनआधारको

निर्माण तथा नयाँ जनवादी क्रान्तिको परिस्थिति तयार पार्न पनि मदत पुग्ने छ भन्ने हाम्रो विश्वास छ । निश्चय नै, पारस्परिक समझदारी कायम हुन सकेमा वा विश्वसनीय आधार भएमा अपवादको रूपमा हामीले कुनै स्थान विशेषमा चुनावी तालमेलको नीति पनि अपनाउन सक्ने सम्भावनालाई पूरै अस्वीकार गर्दैनौँ ।

७. नीतिगत रूपमा हाम्रो यो मान्यता रहेको छ कि देशमा अहिले पनि प्रतिगमनको गम्भीर खतरा रहेको तथा साम्राज्यवादी शक्तिहरूबाट पनि देशको सार्वभौमिकता र राष्ट्रियताका लागि गम्भीर खतरा रहेको हुनाले गणतन्त्र, धर्मनिरपेक्षता, मौलिक अधिकार, बहुदलीय व्यवस्था तथा राष्ट्रियता जनआन्दोलनका उपलब्धिहरू तथा देशको राष्ट्रियता र सार्वभौमिकता समेतको रक्षाको लागि पारस्परिक समझदारी कायम हुन सकेको अवस्थामा विभिन्न वामपन्थी वा प्रजातान्त्रिक शक्तिहरूसित गठबन्धन वा कार्यगत एकता गर्ने हाम्रो नीति कायम छ ।

८. अहिले देशमा भ्रष्टाचार र कुशासन बढ्नु तथा देशको दिगो विकास हुन नसक्नुको कारण देशका राजनीतिक पार्टीहरू भ्रष्ट हुनु, चुनावमा अधिकतर रूपमा भ्रष्ट व्यक्तिहरू निर्वाचित हुनु तथा सरकारमा त्यस प्रकारका तत्त्वहरूको बाहुल्यता हुनु नै हो । त्यो समस्याको समाधान खाली स्वच्छ र निष्कलङ्क राजनीतिक पार्टीहरूको नै देशमा बाहुल्यता हुनु र निर्वाचनमा पनि स्वच्छ र निष्कलङ्क चरित्र भएका तथा त्याग, बलिदान र जनसेवाको लामो बलिदान भएका व्यक्तिहरू निर्वाचित हुनु नै हो । नेपालको लामो राजनीतिक इतिहासबाट राष्ट्रिय जनमोर्चा नै त्यस प्रकारको राजनीतिक पार्टी हो भन्ने कुरा प्रमाणित भइसकेको छ । गत तीन दशकभन्दा बढी अवधिमा यसका तर्फबाट सांसद भएका कुनै पनि व्यक्तिले आर्थिक हिनामिना गरेको कुनै पनि उदाहरण छैन । त्यसरी नै लेखा समितिको सभापति र उपप्रधानमन्त्री भएका राष्ट्रिय जनमोर्चाका नेताद्वारा पनि भ्रष्टाचार नगरेको आम जनतालाई थाहा भएको कुरा हो । त्यो अवस्थामा नेपालको भ्रष्ट राजनीतिको विकल्प भनेको राष्ट्रिय जनमोर्चा नै हो । तर नेपालको भ्रष्ट

चुनाव प्रणालीले गर्दा त्यस प्रकारका राजनीतिक पार्टी वा त्यसका उम्मेदवारहरूका ठाउँमा धेरै भ्रष्टाचार गरेर करोडौँ, अरबौँ रुपैयाँ कमाएका वा पैसा खर्च गरेर भोट किन्न सक्ने व्यक्तिहरूले नै चुनावमा धेरै सफलता प्राप्त गर्दछन् । त्यो स्थिति रहँदासम्म देशमा भ्रष्टाचार र कुशासन कहिल्यै समाप्त हुने छैन र देशको विकास हुन सक्ने छैन । त्यसकारण अहिलेको भ्रष्ट निर्वाचन प्रणालीमा सुधार निर्णयात्मक महत्त्वको राष्ट्रिय आवश्यकता हो । जबसम्म देशमा राष्ट्रिय जनमोर्चाजस्ता स्वच्छ र निष्कलङ्क छवि भएको पार्टीले चुनावमा हारिरहने तथा भ्रष्टाचार गरेर पैसा कमाउने र पैसाको खोलो बगाएर चुनाव जित्नसक्ने स्थिति रहिरहन्छ, देशमा भ्रष्टाचार र कुशासन रहिरहने छ र देश वा जनता उँभो लाग्न सक्ने छैनन् । यस प्रकारको अवस्था कहिलेसम्म रहन दिने ? त्यसप्रति सम्पूर्ण जनताको गम्भीर ध्यान जानुपर्ने आवश्यकता छ ।

९. हाम्रो पार्टीको केन्द्रीय कमिटी यो पनि गम्भीर निष्कर्षमा पुगेको छ कि आज अन्तर्राष्ट्रिय स्तरमा कैयौँ युद्ध चलिरहेका छन् र विश्वयुद्ध हुने सम्भावना बढ्दै गइरहेको छ । आजको युगमा युद्ध हुन्छ भने त्यसले आणविक युद्धको रूप लिने धेरै नै सम्भावना छ । त्यसबाट मानवजाति सम्पूर्ण रूपले समाप्त हुने सम्भावनालाई पनि अस्वीकार गर्न सकिन्न । त्यो अवस्थामा विश्व शान्तिको रक्षाको प्रश्न अहिलेको अन्तर्राष्ट्रिय महत्त्वको गम्भीर चिन्ता र चासोको विषय भएको छ । वास्तवमा युद्धको मुख्य स्रोत नै साम्राज्यवाद हो र त्यसको मुख्य नेतृत्व अमेरिकी साम्राज्यवादले नै गरिरहेको छ । त्यसकारण विश्व शान्तिको रक्षाको लागि पनि मुख्य रूपले साम्राज्यवादका विरुद्ध नै सङ्घर्ष केन्द्रित गर्नु निर्णयात्मक महत्त्वको कुरा बन्न गएको छ । त्यसैले हाम्रो पार्टीले युद्धको अन्त र विश्व शान्तिको रक्षाको लागि विश्व साम्राज्यवादका विरुद्ध र शान्तिको पक्षमा सङ्घर्ष गर्नु तथा नेपालमा पनि त्यसका लागि बढीभन्दा बढी योगदान दिनु पर्ने आवश्यकतामा जोड दिन्छ ।

२०८२ कात्तिक १६ गते

मोहन विक्रम सिंह

# तात्कालिक राजनीतिक प्रस्ताव

**(क)**

१. अहिलेको देशको राजनीतिक स्थितिको मुख्य विचारणीय विषय जेनजी आन्दोलन नै हो । अहिलेको देशको सम्पूर्ण राजनीति त्यसैका वरिपरि घुमिरहेको छ । त्यसकारण सर्वप्रथम त्यो प्रश्नमा नै स्पष्टताको आवश्यकता छ । यो कुरा सत्य हो कि देशमा भइरहेको भ्रष्टाचार र कुशासन तथा अनाधिकृत प्रकारले सामाजिक सञ्जालमा लगाइएको प्रतिबन्धले जनतामा व्यापक असन्तोष थियो । भाद्र २३ गतेको आन्दोलन त्यही स्थितिको विस्फोटको परिणाम थियो । त्यसैले जेनजी आन्दोलनका यी दुवै मागहरूलाई ने.क.पा. (मसाल) ले सही ठहऱ्याएको छ र त्यो आन्दोलनलाई समर्थन पनि गरेको छ । तर यो पक्षको पनि उपेक्षा गर्नु सही हुने छैन कि त्यो न्यायपूर्ण आन्दोलनलाई कैयौँ देशी वा विदेशी शक्तिहरूले आफ्ना निहित स्वार्थको लागि उपयोग गर्ने प्रयत्न गरेका छन् । यो सम्भावनालाई पनि अस्वीकार गर्न सकिन्न कि भाद्र २३ गतेको आन्दोलन प्रकट रूपमा स्वत:स्फूर्त आन्दोलन थियो । तर त्यो आन्दोलनका आधारमा आफ्ना निहित स्वार्थहरू पूरा गर्न विभिन्न देशी वा विदेशी शक्तिहरूले योजनाबद्ध प्रकारले काम गरेका थिए । नत्र भने भदौ २४ गते जेनजी आन्दोलनको नाममा देशव्यापी रूपमा जुन तोडफोड, आगलागी वा ध्वंसात्मक कार्यहरू भए, त्यस प्रकारका कार्यहरू स्वत:स्फुर्त रूपमा देखा परेको जेनजी आन्दोलनद्वारा हुन सक्ने कुरा नै थिएन । त्यसैले जेनजी आन्दोलनलाई नयाँ युवाहरूको स्वत:स्फुर्त आन्दोलनको रूपमा मात्र होइन, त्यसका पछाडिको लुकेको अवाञ्छित तत्त्वहरूको योजनावद्ध षड्यन्त्रको पृष्ठभूमिमा नै बुझ्नु वा मूल्याङ्कन पनि गर्नुपर्दछ ।

२. भाद्र २४ गते देशव्यापी रूपमा जुन ध्वंसात्मक कार्यहरू गरिए, त्यसबाट देशलाई धेरै नै नोक्सान पुगेको छ । तर स्पष्ट छ, त्यो दिनको घटनाका जुन परिणामहरू अगाडि आए, त्यहींसम्म सीमित रहने छैनन् र जसले जेनजी आन्दोलनलाई आफ्ना निहित स्वार्थ पूरा गर्नका लागि उपयोग गरेका थिए, उनीहरूका अरू पनि कैयौँ दीर्घकालीन राजनीतिक उद्देश्यहरू भएको कुराको सजिलैसित अनुमान गर्न सकिन्छ । दलाई लामाले अन्तरिम सरकारलाई दिएको शुभकामनाबाट त्यो आन्दोलनलाई आफ्ना साम्राज्यवादी स्वार्थहरूको पक्षमा उपयोग गर्नका लागि अमेरिकाले योजनाबद्ध प्रकारले काम गरेको कुरा बुझ्न गाह्रो पर्दैन । त्यसले एकातिर, एमसीसीको माध्यमद्वारा अमेरिकाले नेपाललाई आफ्नो रणनीतिक अखडा बनाउन खोजेको र अर्कोतिर, तिब्बतमा दलाई लामालाई पुनर्स्थापना गर्नका लागि नेपालको भूमि उपयोग गर्ने उद्देश्य पूरा गर्न नै जेनजी आन्दोलनलाई उपयोग गर्न खोजेको कुरालाई प्रत्यक्ष रूपमा अगाडि ल्याएको छ । स्वतन्त्र तिब्बतका पक्षधरहरू घोषित रूपले नै त्यो आन्दोलनको नेतृत्वमा देखा परेको कुराबाट पनि त्यो कुरामा कुनै शङ्का रहन्न । यो पनि कुनै लुकेको कुरा होइन कि अमेरिकाले नेपालका युवाहरू र बुद्धिजीवीहरूमा समेत ठुलो सञ्जाल बनाएको छ । त्यो सम्पूर्ण सञ्जाललाई अहिलेको जेनजी आन्दोलनमा प्रयोग गरिएको छ । त्यसबाट अहिलेको जेनजी अन्दोलनमा मुख्य भूमिका अमेरिकाको नै रहेको कुरामा कुनै शङ्का रहन्न । त्यो जेनजी आन्दोनलसित सम्बन्धित अत्यन्त खतरनाक पक्ष हो र त्यसले नेपालको राजनीतिमा दीर्घकालीन रूपले नै दुरगामी असर पार्ने छ । त्यसैले त्यसका विरुद्धको सङ्घर्ष राष्ट्रिय महत्त्वको विषय बन्न जान्छ ।

३. त्यो आन्दोलनमा भारतीय साम्राज्यवादको पनि महत्त्वपूर्ण भूमिका रहेको छ । भारतले करिब ७ दशकभन्दा बढी समयदेखि नेपाललाई भारतीय सङ्घमा मिलाउन योजनावद्ध प्रकारले प्रयत्न गर्दै आएको छ । त्यसको लागि नेपालका विभिन्न राजनीतिक,

सामाजिक, प्रशासनिक वा सुरक्षा निकायमा घुसपैठ गर्नुका साथै कैयौँपल्ट प्रत्यक्ष रूपले पनि नेपालमा हस्तक्षेप वा अतिक्रमण गर्दै आएको छ । कालापानीमा भारतको अतिक्रमण त्यसको एउटा ज्वलन्त उदाहरण हो । जेनजी आन्दोलन पनि त्यस प्रकारको घुसपैठबाट मुक्त रहेको छ भन्न सकिन्न । अमेरिकी र भारतीय साम्राज्यवाद बाहेक नेपालका राजावादी, “स्वतन्त्र पार्टी” र कतिपय अवस्थामा माओवादीहरूले समेत त्यो आन्दोलनलाई उपयोग गर्न खोजेको देखिन्छ । त्यसरी यो कुरा दाबीपूर्वक भन्न सकिन्छ कि जेनजीहरूले त्यो आन्दोलनलाई आफ्नो आन्दोलन बताए पनि त्यो उनीहरूको घेराबाट धेरै बाहिर निस्केको थियो र त्यसरी, त्यो उनीहरूको आन्दोलन रहन गएको थिएन । उनीहरूको आफ्नो कुनै सिद्धान्त, नीति, कार्यक्रम, सङ्गठन, अनुशासन वा नेतृत्व नभएको हुनाले त्यसलाई कैयौँ गलत तत्त्वहरूले उपयोग गरेका थिए वा उपयोग गर्न सफल भएका थिए । अहिले पनि उनीहरूका बिचमा कैयौँ गुट र उपगुटहरू भएको देखिन्छ र उनीहरूका बिचमा तिब्र मतभेदहरू पनि भएको देखिन्छ । जेनजी आन्दोलनका दौरानमा राष्ट्रिय जनमोर्चाका बुटवल, प्युठान, अर्घाखाँची र सुर्खेतका कार्यालयमा तोडफोड गरिएको छ वा आगो समेत लगाउने काम गरिएको छ । त्यसले जेनजी आन्दोलनसित सम्बन्धित एउटा गम्भीर प्रकारको राजनीतिक प्रश्नलाई अगाडि ल्याउँछ । उनीहरूले मुख्य रूपले भ्रष्टाचार र सामाजिक सञ्जालमाथि लगाएको प्रतिबन्धका कारणले नै त्यो आन्दोलन सुरु गरेको भनेका थिए र त्यो कुरा सत्य पनि थियो । तर ती दुवै कारणले राष्ट्रिय जनमोर्चामाथि आक्रमण गर्नुपर्ने कुनै आधार थिएन । राष्ट्रिय जनमोर्चाका कुनै सांसदहरूले गत तीन दशकको बिचमा कुनै पनि आर्थिक अनियमितता वा भ्रष्टाचार गरेका छैनन् र राष्ट्रिय जनमोर्चाबाट लेखा समितिका सभापति वा उपप्रधानमन्त्री समेत भएको बेलामा पनि भ्रष्टाचार गरेको एउटा पनि उदाहरण छैन । सरकारले सामाजिक सञ्जालमाथि लगाएको प्रतिबन्धको पनि

राजमोले तुरून्तै विरोध गरेको थियो । अनि राष्ट्रिय जनमोर्चाका कार्यालयहरूमाथि आक्रमण गर्नुका पछाडि कुनै नीतिगत आधार छैन । त्यही पनि त्यसका चार चारवाट कार्यालयहरूमा तोडफोड गरियो । निश्चिय नै, जेनजी आन्दोलनको त्यस प्रकारको नीति थिएन । त्यो अवस्थामा राजमोका कार्यालयहरूमाथि आक्रमण गरेको कुराबाट त्यो आन्दोलन उनीहरूको हातबाट निस्केर गलत तत्त्वहरूको हातमा गएको कुरामा कुनै शङ्का रहन्न ।

४. भाद्र २३ गतेको जेनजीहरूको आन्दोलन भ्रष्टाचार र सामाजिक सञ्जालमाथिको प्रतिबन्धसित मात्रै सम्बन्धित थियो । उनीहरूका अरू कुनै माग थिएनन् । जेनजीभन्दा बारिहका, जेनजी समुहहरूमा नै नपर्ने २८ वर्षभन्दा माथि उमेर भएका कतिपय व्यक्तिहरूले फेसबुकको माध्यमद्वारा अन्य कतिपय मागहरू पनि उनीहरूका बीचमा लैजाने प्रयत्न गरेका थिए । तर त्यस प्रकारका मागहरू जेनजी समुहभन्दा बाहिरबाट आएको हुनाले तिनीहरूलाई जेनजीका मागहरू भन्न सकिन्न । पछि उनीहरूले त्यसरी बाहिरबाट आएका कैयौँ मागहरू पनि थप्दै गए, जस्तै कि संसदको विघटन, प्रत्यक्ष कार्यकारी प्रमुखको चुनाव, पूर्ण समानुपातिक निर्वाचनप्रणाली, संविधानको खारेजी, अन्तरिम संविधानको निर्माण, मन्त्रिमण्डलमा जेनजीहरूको प्रतिनिधित्व आदि । तर ती प्रश्नहरूमा पनि उनीहरूका बिचमा विवाद हुने गरेको छ । त्यसबाट ती मागहरू उनीहरूका थिएनन् भन्ने कुरा प्रष्ट छ । उनीहरूले पछि जुन मागहरू उठाउने गरेका छन्, विभिन्न राजनीति पार्टीहरूले पहिलेदेखि नै ती मागहरू उठाउँदै आएका थिए । त्यसैले उनीहरूले विभिन्न राजनीतिक पार्टीहरूको प्रभावमा त्यस प्रकारका मागहरू उठाउन थालेको नै देखिन्छ । वास्तवमा विभिन्न राजनीतिक शक्तिहरूले उनीहरूको माध्यमद्वारा आफ्ना विवादास्पद मागहरू घुसाउँदै गएका छन् र त्यसरी जेनजी आन्दोलन विभिन्न देशी वा विदेशी शक्तिहरूको प्रभावमा पर्दै गएको कुरा प्रष्ट छ । अहिले कैयौँ राजनीतिक सङ्गठनहरूले आफ्ना आफ्ना बेग्लाबेग्लै जेनजी

ग्रुपहरू पनि सङ्गठित गर्न थालेको कुरा थाहा भएको छ । त्यसरी यो भन्न सकिन्छ, २३ गतेको जेनजी आन्दोलनको कतै कुनै अस्तित्व छैन । त्यसलाई आधार बनाएर विभिन्न राजनीतिक सङ्गठन वा ग्रुपहरूले आफ्ना राजनीतिक लाइनलाई अगाडि बढाउने प्रयत्न गर्न थालेका छन् । त्यो कुराको गम्भीरता यो कुराबाट पनि थाहा हुन्छ कि, अहिले कतिपय जेनजीहरूले, जो २३ गतेको आन्दोलनमा घाइते भएका थिए, सबै जेनजीहरूको बिचमा एकता कायम गर्नका लागि धर्ना बस्न वा प्रयत्न गर्न थालेका छन् । वास्तवमा जेनजी आन्दोलन कुनै सिद्धान्त, नीति वा कार्यक्रमका आधारमा कहिल्यै पनि सङ्गठित थिएन र अब त्यो खुला प्रकारले नै कैयौँ राजनीतिक शक्तिहरूका बिचमा विभाजित भइसकेको छ । त्यो अवस्थामा त्यसलाई एकीकृत गर्ने प्रयत्न सफल हुने कुनै सम्भावना देखिन्न ।

५. नेपालको राजनीतिमा उमेरको प्रश्न अहिले धेरै नै विवादास्पद बन्न गएको छ । कुनै निश्चित उमेर पुगेपछि राजनीति वा नेतृत्वबाट हट्नुपर्दछ र युवा पुस्ताले नै नेतृत्व गर्नु पर्दछ भन्ने विचार जोडदार प्रकारले उठिरहेको छ । त्यस सन्दर्भमा खास गरेर जेनजी पुस्ताका युवकहरू, जसको अर्थ हुन्छ २८ वर्ष मुनिका युवकहरू नै, राजनीतिक नेतृत्वमा आउनु पर्छ भन्ने कुरा पनि उठ्ने गरेको पाइन्छ । त्यो सिद्धान्तहीन, अनावश्यक र संसारमा कतै पनि देखा नपरेको तर्क हो । यो कुरा सत्य हो कि शारीरिक क्षमताका दृष्टिकोणले युवाहरूमा बढी क्षमता हुन्छ र बृद्धावस्थामा शारीरिक क्षमता कम भएपछि राजनीति मात्र होइन जीवनका सबै क्षेत्रबाट मानिसहरू पछाडि हट्दै जान्छन् र हट्नु पनि पर्दछ । तर उमेर नै सबै कुराको कसौटी होइन । राजनीति मात्र होइन जीवनको कुनै पनि क्षेत्रमा काम गर्नको लागि त्यस सम्बन्धी ज्ञान, अनुभव वा परिपक्वताको आवश्यकता पर्दछ । युवा भएको कारणले नै सबै कामको लागि योग्य हुने भए युवाहरूको पङ्क्तिबाट नै ठुलो सङ्ख्यामा सामाजिक अपराधी, भ्रष्ट कर्मचारीहरू हुने थिएनन् । राजनीतिमा वा सरकारमा पुगेर पनि गलत नीतिहरू अपनाउने

वा भ्रष्टाचार गर्ने सबै व्यक्तिहरू बृद्ध छैनन् । अहिले विभिन्न राजनीतिक पार्टीहरूका जुन बृद्ध नेताहरूले पार्टीको नेतृत्वमा वा सरकारमा गएर गलत नीति अपनाउने वा भ्रष्टाचार गर्ने गरेको पाइन्छ । उनीहरू मध्ये पनि सबै जसोले युवा अवस्थामा नै राजनीति वा पार्टीहरूमा प्रवेश गरेका थिए । उनीहरू पनि पछि गएर बिग्रन सक्छन् भने अहिले युवा भएका व्यक्तिहरूले पछिसम्म लगातार सही नीति अपनाउन सक्छन् भन्ने के ग्यारेन्टी छ ? त्यसरी मुख्य प्रश्न कसको कति उमेर छ भन्ने होइन । उसमा विचार, दृष्टिकोण वा देश वा जनताप्रतिको सेवाको भावनामा कति इमान्दारीता वा निरन्तरता छ भन्ने हो । संसारका कुनै पनि देशमा बृद्ध भएको कारणले नै पार्टी वा सरकारको नेतृत्वबाट हटाउने प्रचलन कतै छैन । त्यसरी नेपालमा त्यस प्रकारको जुन विचार आइरहेको छ, त्यस प्रकारको विचार सैद्धान्तिक वा व्यवहारिक दृष्टिकोणले सही नभएको वा संसारमा कतै प्रचलनमा नभएको गलत विचार भएको कुरा प्रष्ट छ ।

६. अहिले देशको राजनीतिमा नेतृत्वको हस्तान्तरणमा वा पुस्तान्तरणको प्रश्न धेरै उठ्ने गरेको छ । त्यस प्रकारको सोचाइलाई पूरै सही भन्न सकिन्न । कुनै पार्टीमा खाली बृद्ध भएपछि मात्र नेतृत्वको हस्तान्तरण हुनु पर्दछ भन्ने हुँदैन । हामीले विभिन्न राजनीतिक पार्टीहरूमा, संसारका अन्य देशहरू वा नेपालमा पनि, सही दृष्टिकोण, राजनीतिक लाइन अपनाउन नसकेमा वा अनुशासन पालन गर्न नसकेमा, कैयौँ युवक व्यक्तिहरूलाई पनि नेतृत्वबाट हटाइएका थुप्रै उदाहरणहरू छन् । अर्कोतिर, संसारका विभिन्न राजनीतिक पार्टी वा कम्युनिस्टहरूमा पनि धेरै नै बृद्ध अवस्थामा पुगेपछि पनि राजनीतिक पार्टी वा सरकारको नेतृत्वमा रहेका पनि थुप्रै उदाहरणहरू पाइन्छन् । त्यसकारण बृद्धावस्थामा पुगेको हुनाले नेतृत्वबाट हट्नुपर्छ वा युवापुस्तामा नेतृत्व हस्तान्तरण गर्नु पर्छ भन्ने नियम कतै पनि पाइदैन । त्यही प्रकारले पुस्तान्तरणको प्रश्न पनि अनावश्यक तर्क हो । कुनै

व्यक्ति बृद्ध वा असक्त भएपछि उ स्वत: नै नेतृत्व वा कुनै प्रकारको गतिविधिका लागि असमर्थ हुन्छ र उ स्वभावत नेतृत्वबाट हट्नु पर्दछ । तर त्यो अवस्थामा पनि त्यस प्रकारको नेतृत्व हस्तान्तरण युवा पुस्तामा नै हुनु पर्दछ भन्ने कुनै नियम छैन । एउटा बृद्ध व्यक्ति नेतृत्वबाट हटेपछि त्यसको ठाउँमा अर्को बृद्ध व्यक्ति पनि नेतृत्वमा आउन सक्दछ वा अर्को कम उमेरको युवक पनि नेतृत्वमा आउन सक्दछ । त्यसरी एउटा पुस्ताबाट अर्को पुस्तामा नै नेतृत्वको हस्तान्तरण भन्ने कुनै नियम छैन । कैयौँ देशहरूमा कतिपय नयाँ पुस्ताबाट नेतृत्वमा आएका व्यक्तिहरूले पनि कुनै राजनीतिक पार्टी, सरकार वा देशलाई गलत दिशामा लगेका पनि थुप्रै उदाहरणहरू पाइन्छ । त्यसकारण प्रश्न पुस्तान्तरणको होइन । तर नेतृत्वको हस्तान्तरण हो र आवश्यकताअनुसार त्यो विभिन्न पार्टीहरूमा भई पनि रहन्छ । कुनै देशमा वा पार्टीमा कुनै नेतृत्व लामो वा छोटो अवधिका लागिरहन्छ, त्यसका लागि कुनै निर्धारित नियम छैन । त्यो कुरा विभिन्न पार्टीहरूको अवस्था वा आवश्यकता अनुसार टुगिने कुरा हो ।

७. अहिले विभिन्न राजनीतिक पार्टी वा सरकारको नेतृत्व गरिरहेका धेरै जसो बृद्ध नेताहरूले युवा अवस्थामा नै विभिन्न पार्टीहरूमा प्रवेश गरेका थिए । त्यो बेला देशमा निरङ्कुश वा पञ्चायती व्यवस्था थियो । त्यो अवस्थामा उनीहरू तुरून्त नै सांसद वा मन्त्री बन्ने पनि कुनै सम्भावना थिएन । उनीहरूले कडा दमन, जेलनेल वा मृत्युको समेत सामना गर्नु पर्दथ्यो र उनीहरू मध्ये धेरैले त्यस प्रकारको अवस्थाको सामना पनि गर्दै आउनु परेको थियो । तर अहिले जुन जेनजीहरू आन्दोलनमा उत्रेका छन्, उनीहरू मध्ये धेरैले तुरून्तै सांसद, मन्त्री वा प्रधानमन्त्री बन्ने कुरालाई नै अगाडि सारेको पाइन्छ । त्यसका लागि उनीहरूका बिचमा धेरै विवाद हुने, कुटपीट हुने वा एकअर्काका विरुद्ध नाराबाजी समेत गर्ने गरेको पाइन्छ । लामो त्याग र बलिदानको इतिहासबाट आएका कैयौँ नेताहरू पनि पछि भ्रष्ट हुन सक्दछन्

वा बिग्रन सक्दछन् भने शुरूमा नै सरकारी पद वा प्रतिष्ठाको लागि आपसको विवाद वा सङ्घर्षमा उत्रने युवाहरूले भविष्यमा कहाँसम्म देश र जनताको इमान्दारीपूर्वक र निरन्तर सेवा गर्न सक्लान् ? त्यो पनि विचारणीय प्रश्न हुन जान्छ । अहिलेका जेनजीहरूको मुख्य समस्या के हो भने, उनीहरूको त्यस प्रकारको वैचारिक वा राजनीतिक परिपक्वताको कुनै पनि पृष्ठभूमि छैन । उनीहरूमा अहिलेदेखि नै पद वा नेतृत्वका लागि हुन थालेको विवाद वा एक अर्काका विरुद्धको नाराबाजी समेतबाट उनीहरूको धरातल अत्यन्त कमजोर भएको कुरा बुझ्न गाह्रो पर्दैन । त्यो अवस्थामा उनीहरूले पूराना नेताहरूले भन्दा देशलाई सही नेतृत्व दिन सक्नेछन् भन्ने विश्वास गर्नका लागि उनीहरू लामो अनुभव, कैयौँ प्रकारका परीक्षा वा कसौटीमा उत्रनु आवश्यक हुने छ । त्यस प्रकारको परीक्षा वा कसौटीमा गएर नखारीइकन उनीहरूमाथि पूरै विश्वास गर्नु देशको लागि घातक पनि हुन सक्दछ । अहिले नै उनीहरूलाई विभिन्न राजनीतिक पार्टी वा देशभित्रका साम्राज्यवादी शक्तिहरूले पनि उपयोग गर्न थालेका कैयौँ उदाहरणहरू बाहिर आउन थालेका छन् । त्यसबाट यो कुरामा कुनै शङ्का रहन्न कि, लामो अनुभव र परीक्षाबाट नखारीइकन कसैलाई पनि राजनीति वा देशको नेतृत्वका लागि उपयुक्त ठान्नु अवश्य पनि सही हुने छैन । विभिन्न साम्राज्यवादी वा प्रतिक्रियावादी शक्तिहरूले जनतालाई प्रभावित गर्नका लागि विभिन्न देश वा कालमा धर्म, सम्प्रदाय, जाति, क्षेत्र र अहिले उमेर समुह आदिलाई अगाडि ल्याउने गरेका छन् र त्यही क्रममा उनीहरूले नेपालको राजनीतिलाई उमेर वा पुस्तान्तरणको प्रश्नलाई पनि अगाडि ल्याउने गरेका छन् । हामीले त्यसका पछाडिको साम्राज्यवादी वा प्रतिक्रियावादी चाललाई ठीकसित बुझ्नु पर्ने आवश्यकता छ ।

८. भदौ २३ र २४ गतेको आन्दोलनमा युवा पुस्ता ठुलो सङ्ख्यामा आन्दोलनमा देखा परेको भए पनि वास्तविकता यो हो कि अहिले युवाहरूमा राजनीतिप्रति धेरै नै वितृष्णा पाइन्छ ।

उनीहरूमा विदेशमा पलायन गरेर व्यक्तिगत क्यारियर बनाउने प्रवृत्ति नै बढी पाइन्छ । अहिले भाद्र २३ र २४ को आन्दोलनमा जुन युवाहरू अगाडि आए, उनीहरूमा पनि केही न केही विदेशी शक्तिको प्रभाव परेको सम्भावनालाई अस्वीकार गर्न सकिन्न । यो आम रूपमा थाहा भएको कुरा हो कि, अमेरिकी राजदुताबासले नेपाली युवाहरूलाई विभिन्न प्रकारका प्रलोभनहरू दिएर ठुलो सङ्ख्यामा सङ्गठित गर्ने प्रयत्न गर्दै आएको छ र अहिलेको नेपालको जेनजी आन्दोलनमा पनि उनीहरूको सक्रिय भूमिका रहेको छ । त्यसबाट सही सैद्धान्तिक र राजनीतिक दृष्टिकोणको अभावमा नेपालका युवाहरूको भूमिका कति गलत र खतरनाक हुन सक्दछ ? त्यो कुरामा कुनै शङ्का रहन्न । अहिलेको जेनजी आन्दोलनको मूल्याङ्कन गर्दा त्यो पक्षको पनि पूरै उपेक्षा गर्न सकिन्न ।

९. भाद्र २३ गते युवाहरूको शान्तिपूर्ण आन्दोलनमा भएको बर्बर दमन वा नरसंहारलाई पनि हामीले गम्भीर रूपमा लिनुपर्दछ । त्यो दिन कलिला विद्यार्थीहरूलाई समेत जसरी छाती र टाउकोमा समेत गोली हानेर ठुलो सङ्ख्यामा हत्या गरियो, त्यो नेपालको इतिहासको नै अत्यन्त गम्भीर र आपत्तिजनक कारबाही हो । त्यसको लागि ओली सरकार जिम्मेवार भएको कुरालाई कुनै पनि अवस्थामा अस्वीकार गर्न सकिन्न । अहिले उनले त्यस प्रकारको बर्बर दमनको लागि कुनै आदेश नदिएको, त्यसमा प्रयोग गरिएका गोलीहरू पनि पुलिसका नभएका वा घुसपैठियाहरूद्वारा नै त्यस प्रकारको कारबाही भएको भन्ने दावी गरिरहेका छन् । संसारका कैयौँ देशहरूमा घुसपैठियाहरूद्वारा त्यस प्रकारका कारबाही गरेका पनि कैयौँ उदाहरणहरू पाइन्छन् । नेपालमा पनि ओलीले भने जस्तो घुसपैठियाहरूद्वारा त्यस प्रकारको कुनै कारबाही गरिएको थियो वा थिएन, त्यसबारे गम्भीर प्रकारको छानबिन गरेर सत्यमा पुग्ने प्रयत्न गर्नु आवश्यक छ । यदि ओलीसित त्यस प्रकारको कुनै प्रमाण छ भने उनले ती तथ्यहरू अगाडि ल्याउनु पर्दछ । जेहोस्, भाद्र २३ गतेको त्यो दमनको कारबाही अत्यन्त गम्भीर

कुरा हो र त्यसबाट भदौ २४ गतेको उग्र कारबाही पनि प्रभावित भएको कुरा अस्वीकार गर्न सकिन्न । ओलीले २३ गतेको बर्बर हत्याकाण्डमा उनको सरकारको कुनै भूमिका नरहेको भनेर दाबी गरे पनि आवश्यक प्रमाणद्वारा पुष्टि नहुँदासम्म उनको त्यो दाबीमाथि विश्वास गर्न सकिन्न । उनको अधिनायकवादी र स्वेच्छाचारी प्रकारको कार्यप्रणाली आम रूपमा थाहा भएको कुरा हो । आफ्नै सङ्गठनभित्र वा राजकीय कार्यप्रणालीमा पनि उनको त्यस प्रकारको अधिनायकवादी कार्यप्रणाली बारम्बार देखा पर्दै आएको छ । गतकालमा पनि उनले सत्य र तथ्यको बारम्बार तोडफोड गर्दै आएका छन् । त्यो अवस्थामा उनले २३ गतेको दमन र हत्याकाण्डमा घुसपैठियाहरूको भूमिका रहेको दाबी गरे पनि त्यसमाथि विश्वास गर्न मुश्किल पर्दछ । त्यो अवस्थामा, जेनजीहरूले २३ गतेको दमनकारी कारबाहीका लागि जिम्मेवार व्यक्तिहरूमाथि छानबिन र कारबाहीको जुन माग गरिरहका छन्, त्यसलाई गलत भन्न सकिन्न । त्यसको लागि सरकारले एउटा जाचबुझ आयोग पनि बनाएको छ । तर त्यसले त्यो कार्य कहाँसम्म निष्पक्षतापूर्वक गर्न सक्ने छ, त्यो कुरा निश्चित रूपले भन्न सकिन्न । पहिले पनि विभिन्न आयोगहरूले दिएका विभिन्न प्रतिवेदनमाथि कारबाही नगरिएका थुप्रै उदाहरणहरू छन् । त्यो अवस्थामा अहिलेको जाँचबुझ आयोगको भूमिका वा त्यसले दिएको प्रतिवेदनबारे पनि छानबिन हुने कुरामाथि शङ्का गर्नका लागि ठाउँ छ ।

१०. भाद्र २४ गतेको ध्वंसात्मक कार्यबाट देशलाई धेरै नै क्षति पुगेको छ । त्यो क्षति पूरा गर्न करिब १३०० विकासका कार्यक्रमहरू स्थगित गर्नु परेको छ । त्यो दिनको कारबाहीबाट क्षतिग्रस्त भएका सरकारी वा सार्वजनिक सम्पत्तिको पुनर्संरचनाका लागि खरबौं रूपैया लाग्ने छ र त्यसको लागि दशकौंको समय लाग्ने छ । त्यो दिनको कारबाहीबाट हजारौँको सङ्ख्यामा कैदीहरू जेलबाट भागेका थिए वा भगाइएका थिए । त्यो पनि सामान्य कुरा

होइन । स्पष्ट छ कि कुनै स्वत:स्फुर्त भिडद्वारा होइन, कुनै गहिरो षड्यन्त्र वा योजनाअन्तर्गत नै उनीहरूलाई भगाइएको थियो । त्यो दिन करिब ५ सय प्रहरी चौकीहरू पनि ध्वस्त गरिएका छन् । ठुलो सङ्ख्यामा कैदीहरू भाग्ने वा प्रहरी चौकीहरू ध्वस्त हुने समेत कुराबाट त्यो दिन सुरक्षाको व्यवस्था अत्यन्त कमजोर भएको कुरा नै बुझिन्छ । सर्वोच्च अदालतसहित विभिन्न अदालतहरूका कागजहरू पनि योजनाबद्ध प्रकारले जलाइएका छन् । खास गरेर कुनै अपराधजन्य मुद्दाहरूसँग सम्बन्धित मिसिलहरूलाई नै योजनाबद्ध प्रकारले जलाउने काम गरिएको छ । त्यसबाट पनि भाद्र २४ गतेको ध्वंसात्मक कारबाही खास योजनाअन्तर्गत नै गरिएको थियो भन्ने कुरा बुझ्न गाह्रो पर्दैन । त्यो दिन सेना वा प्रहरीले पनि सुरक्षाको लागि पर्याप्त व्यवस्था गर्न नसकेको देखिन्छ । त्यो दिन सेनाले थोरै मात्र निगरानी गरेको भएपनि सिंहदरबार, संसदभवन, सर्वोच्च अदालत आदि निकायहरू बचाउन सकिन्थ्यो । भाद्र २४ गतेपछि त्यसबारे सेनाले ध्यान दिएपछि कुनै ध्वंसात्मक कार्यहरू भएका थिएनन् । त्यही कुरा २४ गते हुन सकेको भए देशभरि भएका धेरै क्षतिलाई रोक्न सकिने कुरा स्पष्ट छ । भाद्र २४ गते सेनाले सुरक्षाप्रति ध्यान नदिनुको कारण के थियो ? त्यसबारे पनि ध्यान दिनुपर्ने आवश्यकता छ । त्यही प्रकारले प्रहरीले पनि त्यो दिन पर्याप्त ध्यान दिन सकेको थिएन र स्वयं उनीहरूका नै देशभरमा करिब ५०० चौकी ध्वस्त गरिएका थिए । जेलहरूबाट पनि देशभरि हजारौँको सङ्ख्यामा कैदीहरू उम्केका थिए । त्यसबाट पनि सुरक्षा व्यवस्था अति नै कमजोर भएको कुरा प्रष्ट हुन्छ । राजधानीमा त्यस प्रकारको ठुलो क्षति हुनुका साथै देशभरि नै सुरक्षा व्यवस्था अत्यन्त कमजोर भएको देखिन्छ । यो अत्यन्त गम्भीर स्थिति हो । त्यसबारे छानबिनको आवश्यकतामा हाम्रो पार्टीले जोड दिन्छ ।

११. त्यस प्रकारको ध्वंसात्मक कार्यका लागि को जिम्मेवार थियो र त्यसका पछाडिको उद्देश्य के थियो ? त्यसबारे पनि गम्भीरतापूर्वक विचार गर्नुपर्ने आवश्यकता छ । यो स्पष्ट छ कि

जेनजीद्वारा त्यस प्रकारका ध्वंसात्मक कार्यहरू भएका थिएनन् । केही घण्टाका बिचमा त्यस प्रकारका कार्यहरू गर्नु उनीहरूका लागि सम्भावना नै थिएन र स्वतःस्फूर्त रूपमा अगाडि आएका आन्दोलनकारीद्वारा ती कार्यहरू पूरा गर्नु पनि सम्भव थिएन । एउटा लामो योजना तथा तोडफोडको लागि विज्ञ व्यक्तिहरूद्वारा नै त्यस प्रकारका कार्य गर्नु सम्भव थियो र त्यो गरिएको पनि थियो । प्रथमतः नेपालको प्रमुख प्रशासनिक केन्द्रमा गरिएका त्यस प्रकारको आगजनीबाट कैयौँ अन्तर्राष्ट्रिय महत्त्वका दस्तावेज वा सन्धिहरू नष्ट भएका छन् । त्यस प्रकारको कारवाहीबाट नेपालको अन्य देशहरूसितको सम्बन्ध कमजोर वा नेपाल असफल राष्ट्रमा परिणत हुने सम्भावना पनि बढेर गएको छ । नेपालका लुटपाट वा तोडफोडसित सम्बन्धित असामाजिक तत्त्वहरूलाई पनि त्यस प्रकारको क्षतिबाट कुनै फाइदा हुने कुरा थिएन, र, त्यसकारण, त्यो कार्य उनीहरूद्वारा नगरिएको कुरा पनि स्पष्ट छ । त्यो अवस्थामा यो कुराको अनुमान गर्न सकिन्छ कि कतिपय विदेशी तत्त्वहरू नै त्यस प्रकारको ध्वंसात्मक कार्यहरूमा संलग्न भएको कुरा अनुमान गर्न सकिन्छ । सर्वोच्च अदालत सहित देशका कतिपय अदालतका कागजपत्र वा मुद्दामामिला सम्बन्धी विषयहरू नष्ट गर्ने कार्यमा ती मुद्दा-मामिलाहरूसित सम्बन्धित अपराधिक तत्त्व वा ती मुद्दाहरूसित सिधै जोडिएका राजनीतिक तत्त्वहरू पनि संलग्न भएको सम्भावनालाई अस्वीकार गर्न सकिन्न । कतिपय राजनीतिक तत्त्वहरू पारस्परिक विरोधका कारणले पनि विरोधी राजनीतिक पार्टीहरूका कार्यालयहरूको तोडफोड गर्ने काममा अग्रसर भएको देखिन्छ र भएको कुरा प्रत्यक्ष रूपले नै देखिएको छ । त्यो बाहेक असामाजिक तत्त्वहरू पनि देशव्यापी रूपमा सक्रिय भएको पाइन्छ । कतिपय स्थानहरूमा उनीहरूको लुटपाटको दौरानमा आगलागीमा परेर मृत्यु भएको कुरा पनि सञ्चार माध्यमहरूले बाहिर ल्याएका छन् । त्यसरी अब यो प्रश्न उठ्दछ, त्यसबाट यो कुराको अनुमान गर्न सकिन्छ कि, त्यो दिनको त्यस प्रकारको ध्वंसात्मक कार्य लामो

योजनाको नै परिणाम थियो । त्यसको लागि को जिम्मेवार थियो ? छानबिन गरेर त्यो कुरा प्रकाशमा ल्याउनुपर्दछ र सम्बन्धित जिम्मेवार व्यक्तिहरूलाई कारवाहीको घेरामा ल्याउनु आवश्यक छ । यदि त्यस प्रकारका कार्यहरू विदेशी तत्त्वहरूसित सम्बन्धित भए सम्बन्धित च्यानलद्वारा सरकारले त्यसबारे कारवाहीलाई अगाडि बढाउनुपर्ने आवश्यकतामा हामीले जोड दिन्छौँ । त्यस सन्दर्भमा यो कुरा पनि विचारणीय छ कि, त्यो दिनको ध्वंसात्मक कार्यका लागि जिम्मेवार कैयौँ व्यक्तिहरूलाई गृहमन्त्रालयले नै मुक्त गर्ने काम गरेको थियो । अहिलेको सरकार जेनजीहरूको नै सरकार हो । त्यसकारण त्यो दिनको अपराधजन्य कार्यहरूको लागि नेतृत्वदायी भूमिका खेल्ने जिम्मेवार व्यक्तिहरूको निर्देशनमा नै त्यो दिनका अपराधजन्य कारबाहीमा गिरफ्तार भएका व्यक्तिहरूलाई छाड्ने काम गरिएको कुरा बुझ्न गाह्रो पर्दैन । सरकारमा त्यस प्रकारका तत्त्वहरूको नेतृत्वदायी भूमिका गम्भीर विचारणीय विषय हो र त्यसबाट देशमा आगामी दिनहरूमा कैयौँ गम्भीर परिणामहरू पनि हुन सक्दछन् । त्यसकारण त्यसबारे सम्पूर्ण देश र जनताको ध्यान जानुपर्ने आवश्यकता छ । त्यस सन्दर्भमा पछिल्ला दिनहरूमा प्रहरी केही सक्रिय हुन थालेको पनि देखिएको छ । गृहमन्त्रीको २४ गतेको अपराधजन्य कार्यप्रतिको धोकाप्रति देशव्यापी रूपमा भएको चर्को विरोधका कारणले नै प्रहरीमा त्यस प्रकारको सक्रियता बढेको कुराको अनुमान गर्न सकिन्छ । गृहमन्त्रीको त्यस प्रकारको निर्देशनप्रति देशमा गम्भीर प्रकारको असन्तोष वा विरोध पैदा भयो, शायद त्यही कारणले गृहमन्त्री पहिलेको आफ्नो अडानमा कायम रहन सकेनन् र अहिले प्रहरी प्रशासनद्वारा भाद्र २४ गतेको अपराधजन्य कारवाहीका लागि जिम्मेवार व्यक्तिहरूलाई गिरप्तार गर्ने वा उनीहरूका विरुद्ध मुद्दा चलाउने काम भइरहेको छ । तर, हामीले यो कुरामा जोड दिन्छौँ कि कसैका विरुद्ध राजनीतिक प्रतिशोध वा बदलाको भावनाले काम नगरियोस् र निष्पक्ष र न्यायपूर्ण तरिकाले छानविन वा कारवाही गरियोस् ।

१२. जेनजी आन्दोलन वा त्यसपछि सरकारको गठनको क्रममा पनि दलीय प्रणालीमाथि नै बढी प्रहार गर्ने प्रयत्न गरेको पाइन्छ । त्यो आन्दोलनपछि जेनजीहरूको सुझावमा बनेको सरकारको निर्दलीय प्रकृतिबाट पनि त्यो कुराको अनुमान गर्न सकिन्छ । समाजका अन्य सबै क्षेत्रहरूमा जस्तै दलीय प्रणालीमा पनि कैयौँ कमजोरीहरू भएको कुरालाई अस्वीकार गर्न सकिन्न । शिक्षा, स्वास्थ्य, प्रशासन, समाज सेवा, परिवार, पत्रकारिता र यहाँसम्म कि विभिन्न धार्मिक संस्थाहरूमा पनि कैयौँ गलत प्रकारका कारबाहीहरू हुने गरेका थुप्रै उदाहरणहरू पाइन्छन् । तर त्यो कारणले ती सबैलाई निषेध वा उन्मुलन गर्ने कुरा सोच्नु सही हुने छैन । त्यही कुरा राजनीति वा पार्टीहरूबारे पनि सत्य हो । विभिन्न प्रकारका गलत सिद्धान्त र राजनीतिक धारणा वा त्यहाँ हुने गलत नीति वा भ्रष्ट कारबाहीहरूका कारणले राजनीतिक पार्टीहरूले पनि कैयौँ गलत नीतिहरू अपनाएका वा जनविरोधी कार्यक्रम गरेका थुप्रै उदाहरणहरू पाइन्छन् । कतिपय देशहरूमा राजनीतिक पार्टीहरूबाट नै तानाशाही वा फासिष्ट शासन प्रणालीहरू अगाडि आउने गरेका उदाहरणहरू पनि पाइन्छन् । तर त्यसको अर्को महत्त्वपूर्ण पक्ष के हो भने समाजको विकासमा वा समाजमा विद्यमान सबै गलत प्रकारका व्यवस्थाहरू समाप्त गर्नका लागि सबैभन्दा महत्त्वपूर्ण वा निर्णायक भूमिका राजनीति वा पार्टीहरूको नै रहने गरेको छ । सबै निरङ्कुश शासन र फासिष्ट प्रणालीहरूले राजनीतिक पार्टीहरूको अस्तित्त्वलाई समाप्त गर्न सधैँ प्रयत्न गर्दै आएका छन् । त्यसरी, दलीय प्रश्न सम्पूर्ण संसारको र विश्वको इतिहासको नै एउटा अत्यन्त गम्भीर विवादको विषय बन्दै आएको छ । विभिन्न देशहरूमा विभिन्न प्रसङ्गमा त्यो विवाद नयाँ नयाँ रूपमा अगाडि आउने गरेको छ र त्यही प्रकारको पृष्ठभूमिमा अहिले नेपालमा पनि जेन्जी आन्दोलनपछि दलीय प्रणालीअन्तर्गत देखा पर्ने सबै गलत विचार नीति वा कार्यहरूको हामीले विरोध गर्नु पर्दछ । तर यसबारे पनि हामी स्पष्ट हुनु पर्दछ

कि दलीय प्रणालीको अभावमा संसारको कुनै देशमा र नेपालमा पनि समाजको विकास सही रूपमा अगाडि बढ्न सक्दैन । त्यसैले सही सिद्धान्त, नीति र कार्यक्रमको आधारमा त्यसलाई अगाडि बढाउने हाम्रो प्रयत्न हुनु पर्दछ । समाजका अन्य सबै क्षेत्रहरूमा जस्तै राजनीतिक क्षेत्रमा पनि बलियो र अनुशासित सङ्गठनको आवश्यकता पर्दछ । त्यसको अभावमा राजनीतिक आन्दोलन अराजक बन्दछ र त्यसबाट कैयौँ प्रकारका क्षतिहरू पुग्ने नै बढी सम्भावना हुन्छ । भ्रष्टाचार र सामाजिक सञ्जालमाथि लगाइएको प्रतिबन्धका विरुद्धको आन्दोलन सही हुँदाहुँदै पनि उनीहरूको आन्दोलनले जसरी अराजक र दिशाहिन रूप लिन पुग्यो र त्यसलाई कैयौँ देशी वा विदेशी गलत तत्त्वहरूले उपयोग गर्न पुगे, त्यसबाट पनि कुनै सिद्धान्त, नीति, कार्यक्रम, अनुशासन वा सङ्गठनको आधारमा नै कुनै राजनीतिक आन्दोलन सङ्गठित हुनु आवश्यक भएको कुरा प्रष्ट छ । राजनीतिक आन्दोलनलाई सङ्गठित गर्ने कार्य राजनीतिक पार्टीको माध्यमद्वारा नै हुन सक्दछ ।

१३. नेपालको अहिलेको राजनीतिको एउटा अत्यन्तै गम्भीर समस्या लोकप्रियतावाद हो । लोकप्रियतावाद भनेको विद्यमान सत्ताका गलत नीति वा कार्यहरूका कारणले जनतामा पैदा हुने असन्तोष वा निराशाको भावना हो । त्यो मुख्यरूपले नकारात्मक प्रकारको सोचाइ हो र त्यसको कुनै सकारात्मक उद्देश्य वा कार्यक्रम हुँदैन । जनताको त्यस प्रकारको लोकप्रियतावादी सोचाइबाट प्रतिक्रियावादीहरूले आफ्ना निहीत स्वार्थहरू पूरा गर्ने गर्दछन् । नेपालको अहिलेको राजनीतिमा त्यस प्रकारको लोकप्रियतावादी सोचाइ गम्भीर समस्या बनेको छ र अहिलेको जेन जी आन्दोलनका पछाडि पनि त्यस प्रकारको लोकप्रियतावादी सोचाइले धेरै नै काम गरेको छ । सत्ता पक्षका गलत नीति र कार्यहरूबाट जनता वा नयाँ पुस्तामा पनि धेरै नै असन्तोष र निराशाको भावना देखा पर्‍यो र त्यसबाट विभिन्न देशी वा विदेशी गलत तत्त्वहरूले आफ्नो निहीत स्वार्थहरू पूरा गर्ने प्रयत्न गरे । त्यसको समाधान खाली जनतामा उच्च प्रकारको चेतना ल्याएर नै हुन सक्दछ ।

१४. विश्वभरको र नेपालको पनि राजनीतिक इतिहासले यो प्रमाणित गरिसकेको छ कि कुनै पनि देशको विकास, राजनीति वा प्रजातान्त्रिक प्रणालीका लागि पनि राजनीतिक दलहरू अनिवार्य हुन्छन् । नेपालको राजनीतिमा पनि राजनीतिक दलहरूको महत्त्वपूर्ण भूमिका रहँदै आएको छ । राणाहरूको निरङ्कुश शासन, पञ्चायती तानाशाही शासन २०५९ सालमा कायम भएको निरङ्कुश शासन वा संविधानसभाको चुनाव वा राजतन्त्रको अन्त्य पनि राजनीतिक दलहरूको भूमिकाका कारणले नै सम्भव भएको हो । त्यसकारण यो स्वभाविक हो कि राजनीतिक दलहरूको त्यस प्रकारको भूमिकाबाट जुन प्रतिक्रियावादी शक्तिहरूलाई क्षति पुग्यो, उनीहरूले दलीय प्रणालीको विरोध गर्दै आएका छन् र अहिले पनि विरोध गरिरहेका छन् । उनीहरूको त्यस प्रकारको विरोधका पछाडि एउटै अभिप्राय रहेको छ, निर्दलीय व्यवस्थाको स्थापना वा स्पष्ट शब्दमा भन्ने हो भने, राजतन्त्रको पुनर्स्थापना । निश्चयनै गतकालमा दलीय व्यवस्थामा धेरै नै दोष वा असङ्गतिहरू रहेका छन् । त्यसरी हेर्ने हो भने त राजतन्त्र वा निरङ्कुश शासनको इतिहासमा सयकडौँ गुना बढी दोष र असङ्गतिहरू रहने गरेका छन् । शाही शासन कालमा भएका कैयौँ काण्डहरू, राणा शासनमा भएका बर्बर दमनहरू, पञ्चायती शासनमा भएका व्यापक बलात्कार हत्याकाण्ड वा राजपरिवारद्वारा ठुला पैमानामा भएका भ्रष्टाचार, तस्करी र महिलाहरूमाथिका बलात्कार र हत्याकाण्डहरू, गुण्डागर्दीहरू आदि राजतन्त्र वा निरङ्कुश शासनअन्तर्गत देशको स्थिति कस्तो थियो ? त्यो कुरामा कुनै शंका रहन्न । यसरी समग्र रूपमा तुलना गरेर हेर्ने हो भने देश वा राजनीतिको अग्रगामी विकासका लागि दलीय प्रणाली बाहेक अन्य कुनै विकल्प छैन । तर त्यस सन्दर्भमा हाम्रो जोड सही दर्शन, सिद्धान्त वा राजनीतिक लाइनका आधारमा दलीय प्रणालीलाई अगाडि बढाउने हुनु पर्छ र त्यसका आधारमा जनतामा उच्च राजनीतिक चेतना उठाउने हाम्रो प्रयत्न हुनु पर्दछ ।

कैयौँ राजनीतिक संगठनहरू गलत प्रकारका वा जनविरोधी नीति, कार्यक्रमका आधारमा पनि बनेका हुन्छन् । समाजका अन्य सबै क्षेत्रहरूमा जस्तै राजनीतिको क्षेत्रमा पाइने त्यस प्रकारका सबै गलत कुराहरूको पनि विरोध गर्नु पर्दछ । अहिले नेपालका राजनीतिक दलहरूलाई दुई भागमा बाँडेर हेर्नु पर्छ । एकातिर प्रजातान्त्रिक वा वामपन्थी जुन रूपमा भए पनि अग्रगमनको दिशामा काम गर्दै आएका राजनीतिक दलहरू । अर्कोतिर, प्रतिक्रियावादी राजनीतिक शक्तिहरू । तर अहिलेको समस्या के हो भने प्रथम पक्षमा भएका राजनीतिक दलहरूको स्वयं आफ्नै घोषित सिद्धान्त र नीतिहरू वा कार्यप्रणालीमा पनि धेरै नै पतन हुँदै आएको छ । त्यसले गर्दा सत्तामा गएपछि पनि उनीहरूले देश र जनताप्रति सही प्रकारले आफ्ना जिम्मेवारी पूरा गर्न सकेका छैनन् । त्यसैले प्रतिक्रियावादी राजनीतिक शक्तिहरूलाई उनीहरूमाथि हमला गर्ने धेरै अवसर प्राप्त भएको छ । त्यसैले हामीले बारम्बार उनीहरूको त्यस प्रकारको चरित्र वा कार्यप्रणालीको विरोध गर्दै उनीहरूमा रूपान्तरणको आवश्यकतामा जोड दिँदै आएका छौँ । उनीहरूको त्यस प्रकारको कार्यप्रणालीका कारणले नै जनतामा व्यापक रूपमा असन्तोष र निराशा पैदा भयो र त्यसबाट लोकप्रियतावादी विचारहरूलाई अगाडि आउने र त्यसका आधारमा प्रतिक्रियावादी शक्तिहरूलाई शक्तिशाली बन्ने अवसर प्राप्त भयो । त्यसको परिणामस्वरूप नै प्रतिक्रियावादी शक्तिहरूलाई दलीय प्रणाली नै गलत हो भन्ने प्रचार गर्न पनि अवसर प्राप्त भयो । त्यस प्रकारको पृष्ठभूमिमा नै जेन जी आन्दोलन पनि अगाडि आयो । जसको कुनै सिद्धान्त, नीति, कार्यक्रम, संगठन वा नेतृत्व छैन । त्यैपनि त्यसले देशमा कैयौँ परिवर्तनहरू ल्यायो । निश्चय नै यी सबैको समाधान दलीय प्रणाली नै हो र हामीले अग्रगमनको पक्षमा भएका राजनीतिक दलहरूमा रूपान्तरणका लागि जोड दिँदै प्रतिक्रियावादी वा निर्दलीय पक्षपाती शक्तिहरूका विरुद्ध शसक्त संघर्ष बढाउनु पर्ने आवश्यकतामा जोड दिन्छौँ ।

(ख)

१५. अन्तरिम सरकारले फागुन २१ गतेको लागि चुनावको घोषणा गरेको छ । प्रथमत: त्यो चुनाव हुने वा नहुने कुरा निश्चित छैन । एकातिर विभिन्न जेनजीका अगुवाहरूले उनीहरूका माग अनुसार चुनाव नभएमा, जसमा प्रत्यक्ष रूपले निर्वाचित कार्यकारी प्रमुखको चुनावको कुरा मुख्य छ, चुनावमा भाग नलिने घोषणा गरेका छन् । त्यो बाहेक कतिपय राजनीतिक पक्षहरूले विघटित संसदको पुनर्स्थापनामा नै जोड दिएका छन् । यस सन्दर्भमा यो पनि उल्लेखनीय छ कि प्रथमत: अहिलेको अन्तरिम सरकार असंवैधानिक तरिकाले बनेको हो । त्यसका साथै त्यही असंवैधानिक तरिकाले बनेको सरकारको सिफारिसमा प्रतिनिधिसभालाई समेत विघटन गरिएको छ । यहाँ यो उल्लेखनीय छ कि पहिले जेनजीको आन्दोलनमा प्रतिनिधिसभाको विघटनको कुनै माग राखिएको थिएन । जेन जी युवाहरूभन्दा बाहिरका व्यक्तिहरूको जोडले नै प्रतिनिधिसभाको विघटन गरिएको हो । अब जेनजीहरूमा अहिलेको अन्तरिम सरकार पनि उनीहरूको नभएको भनेर आवाज उठ्न थालेको छ । अब उनीहरूले अहिलेको संविधानलाई पूरै खारेज गरेर नयाँ अन्तरिम संविधानको निर्माणको कुरा पनि उठाउन थालेका छन् । खास गरेर अहिलेका प्रधानमन्त्रीले जेनजीहरूले वा कतिपय वामपन्थी नेताहरूले पनि चुनाव सम्पन्न गर्नको लागि प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखको अवधारणालाई पनि अनिवार्य सर्तका रूपमा राखेका छन् भने अन्तरिम सरकारकी प्रधानमन्त्रीले वर्तमान संविधानका कारणले त्यस प्रकारको चुनाव हुन नसक्ने बताएकी छन् । उनको त्यस प्रकारको भिन्न मतको अवस्थामा जेनजीहरू वा प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखका मतका पक्षपातीहरूले वर्तमान प्रधानमन्त्रीलाई हटाउने प्रयत्न पनि गर्ने सम्भावनालाई अस्वीकार गर्न सकिन्न । त्यस सन्दर्भमा विघटित संसदको पुनर्स्थापनाको मागबारे पनि केही विचार गर्नुपर्ने आवश्यकता छ । संसदको विघटन असंवैधानिक तरिकाले भएको हुनाले त्यसको पुनर्स्थापनाको

मागलाई पूरै गलत भन्न सकिन्न । तैपनि यदि चुनाव हुन्छ भने त्यसलाई बहिष्कार गर्नु पनि सही हुने छैन । हामीले जहिले पनि वर्तमान संसदीय प्रणालीअन्तर्गत हुने कुनै पनि चुनावलाई कहिल्यै पनि सही समाधानको रूपमा लिएका हुँदैनौँ । त्यसको बहिस्कार गरेर आन्दोलनलाई शसक्त रूपले अगाडि बढाउन सक्ने अवस्था नभएकोले नै एउटा विकल्पको रूपमा चुनावको उपयोग गर्ने नीति अपनाएका हुन्छौँ । त्यसैले चुनाव भएको अवस्थामा जनतामा राजनीतिक प्रचार र भण्डाफोरका लागि त्यसलाई उपयोग गर्ने नै हाम्रो नीति हुने छ वा हुनु पर्दछ ।

१६. अहिले देश कुन दिशामा जान्छ ? निश्चित रूपले भन्न सकिने अवस्था छैन । जुन शक्तिहरूले जेनजीको आन्दोलनको आडमा आफ्ना कैयौँ उद्देश्यहरू पूरा गर्ने प्रयत्न गरे, उनीहरूले त्यो दिशामा अरू पनि आफ्नो उद्देश्यहरू पूरा गर्ने प्रयत्न गरिरहने छन् । अहिलेको अन्तरिम सरकारलाई दलाई लामाद्वारा तुरून्त शुभकामना मात्र दिएको थिएन, त्यसका पछाडिको उद्देश्य वर्तमान सरकारलाई आफ्ना उद्देश्यका लागि अरू अगाडि बढाउने नै थियो र त्यो दिशामा उनीहरूले लगातार प्रयत्न गरिरहने छन् । यदि वर्तमान अन्तरिम सरकारद्वारा आफ्नो उद्देश्य पूरा हुने नदेखेमा त्यसका ठाउँमा अर्को सरकार बनाएर भए पनि आफ्ना उद्देश्यहरू पूरा गर्ने प्रयत्न गर्ने छन् । अहिले उनीहरूले प्रत्यक्षरूपमा निर्वाचित कार्यकारी प्रमुखमा जुन जोड दिइरहेका छन्, त्यसका पछाडि पनि त्यही उद्देश्यले काम गरेको छ । पहिले सरकारमा भएका विभिन्न राजनीतिक शक्तिहरूले सामान्यत: साम्राज्यवाद परस्त नीति नै अपनाएका थिए । उनीहरूले एमसीसीलाई पारित गरेको कुराबाट पनि त्यो कुरामा कुनै शंका रहन्न । आफूलाई वामपन्थी मात्र होइन कम्युनिस्टको मुलधार बताउने तर अमेरिकी साम्राज्यवादको इन्डोप्यासिफीक रणनीतिअन्तर्गतको एमसिसीलाई पनि समर्थन गर्ने, त्यो एउटा मात्र उदाहरणले पनि उनीहरूको साम्राज्यवाद परस्त नीतिलाई बताउँछ । तैपनि, त्यो बेलाका राजनीतिक

शक्तिहरूको त्यस प्रकारको साम्राज्यवाद परस्त नीति पनि अमेरिकी साम्राज्यवादको लागि पर्याप्त थिएन । उसलाई नेपालमा यस्तो सरकारको आवश्यकता थियो, जसले उसको निर्देशनअनुसार सिधैँ चीनका विरुद्ध र तिब्बतमा दलाई लामाको पक्षमा काम गरोस् । त्यसैले हामीले पहिलेदेखि नै यो स्पष्ट गर्दै आएका थियौँ कि नेपालका विभिन्न राजनीतिक शक्तिहरूले साम्राज्यावाद परस्त नीति अपनाए पनि अमेरिकाले उनीहरूलाई हटाएर पूरै आफ्नो निर्देशनमा चल्ने सरकारको स्थापनाका लागि प्रयत्न गर्ने छ । व्यवहारले हाम्रो त्यो विश्लेषणलाई सही सावित गरेको छ ।

१७. चुनाव प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखका लागि गर्ने कुरामा जेनजी पक्षहरूले निकै जोड दिएको पाइन्छ । स्पष्ट छ कि त्यस प्रकारको चुनावको विचारका पछाडि देशमा तानाशाही व्यवस्था कायम गर्ने उद्देश्यले नै काम गरेको कुरा स्पष्ट छ । विदेशी साम्राज्यवादी शक्तिहरूले पनि त्यही प्रकारको चुनावमा जोड दिइरहेका छन् । किनभने त्यसरी कुनै व्यक्ति राष्ट्र प्रमुख भएमा उनीहरूले त्यसद्वारा अविछिन्न प्रकारले कुनै विना अवरोध आफ्नो स्वार्थहरूका पक्षमा काम गराइरहन सक्नेछन् । संसदमा धेरै सांसदहरूलाई विजयी बनाएर बहुमत गराएर प्रधानमन्त्री चुन्नुभन्दा एउटै व्यक्तिलाई राष्ट्रपति वा प्रधानमन्त्रीमा जिताउनु अपेक्षाकृत सजिलो हुन्छ । माओवादीले पनि सुरुदेखि नै प्रत्यक्ष रूपले निर्वाचित राष्ट्रपतिको चुनावमा जोड दिँदै आएका छन् । त्यसका पछाडि पनि उनीहरूको देशमा तानाशाही शासन कायम गर्ने उद्देश्यले काम गरेको कुरा प्रष्ट छ । उनीहरूले राष्ट्रपतिको शासन भए पनि विभिन्न तरिकाबाट त्यसमाथि नियन्त्रण कायम गर्न सकिन्छ भन्ने तर्कहरू दिने गरेका छन् । तर अमेरिकामा पनि त्यसरी राष्ट्रपतिको अधिनायकवादी शासनमाथि नियन्त्रण गर्नु सजिलो हुने गरेको छैन । त्यसैले त्यहाँ पनि प्रत्यक्ष रूपले निर्वाचित राष्ट्रपतीय शासनमा परिवर्तनका लागि आवाज उठ्न थालेको छ । संसदीय प्रणाली पनि कुनै जनपक्षीय प्रणाली होइन ।

त्यही पनि तुलनात्मक रूपमा प्रत्यक्ष रूपले निर्वाचित राष्ट्रपति वा प्रधानमन्त्रीको तुलनामा त्यो बढी प्रजातान्त्रिक प्रणाली हो र त्यो व्यवस्थाअन्तर्गत अपेक्षाकृत सजिलैसित सरकारमाथि नियन्त्रण गर्न सकिन्छ र त्यसको तानाशाही कार्यप्रणालीमाथि बढी नियन्त्रण गर्न सकिन्छ । नेपालमा अहिलेको संविधानलाई खारेज गरेर पुनर्लेखन गर्ने र त्यसको ठाउँमा अन्तरिम संविधान बनाउने कुरा पनि पहिलेदेखि नै उठ्ने गरेको छ । एकातिर राजावादी र अर्कोतिर भारतपरस्त तत्त्वहरूले पहिलेदेखि नै त्यो कुरामा जोड दिँदै आएका छन् । त्यस प्रकारको सोचाइको पछाडि उनीहरूको संविधानमा भएका गणतन्त्र, धर्म निरपेक्षता, मौलिकअधिकार वा बहुदलीय व्यवस्थालाई समाप्त गर्ने राजावादीहरूको उद्देश्य तथा देशको राष्ट्रियता, अखण्डतामा आँच पुऱ्याउने भारतपरस्त तत्त्वहरूको सोचाइले नै बढी काम गरेको छ । अहिले जेन जीहरूले पनि तीनै विचारहरूलाई बोकेर संविधानको खारेजी वा पुनर्लेखनको कुरा गरिरहेका छन् । कतिपय वामपन्थी पक्षहरूले पनि वर्तमान संविधानलाई खारेज गर्ने कुरामा जोड दिन थालेको पाइन्छ । कतिपय पक्षहरू त अहिलेको अन्तरिम सरकारले प्रतिनिधिसभालाई खारेज गरेको कुरालाई पनि समर्थन गरेका छन् । अहिलेको संविधान ६ दशकभन्दा बढी समयको नेपाली जनताको लामो र गौरवपूर्ण संघर्ष तथा दुई दुई पटक संविधानसभाको चुनाव गरेर नेपाली जनताको ठुलो प्रयत्नद्वारा बनाइएको संविधान हो । देशमा नयाँजनवादी वा क्रान्तिकारी परिवर्तनको अवस्थामा विद्यमान संविधानलाई खारेज गर्नु नै पर्ने छ । तर अहिले संविधानको खारेजी वा पुनर्लेखनको जुन कुरा भइरहेको छ, त्यसका पछाडिको उद्देश्य देशलाई प्रतिगमनतिर लैजाने वा देशको राष्ट्रियता र अखण्डतामा आँच पुऱ्याउने नै हो । कतिपय वामपन्थी पक्षहरूले संविधानलाई खारेज गर्न जोड दिनुका पछािडि पनि राजावादीहरूको जस्तै प्रतिगामी अभिप्रायले काम गरेको छ भन्ने हाम्रो सोचाइ छैन तैपनि प्रकारान्तरले त्यस प्रकारको सोचाइबाट प्रतिगमनलाई नै मद्दत पुग्ने कुरा स्पष्ट छ ।

त्यसकारण अहिलेको संविधानलाई खारेज गर्ने वा पुनर्लेखन गर्ने जस्ता कुनै पनि विचारहरूलाई दृढतापूर्वक अस्वीकार गर्नु पर्दछ । कतिपय जेनजीहरूले पनि वर्तमान संविधानलाई खारेज गर्ने वा पुनर्लेखन गर्ने कुरालाई आफ्नो आन्दोलनको माग बताएर त्यसमा जोड दिइरहेका छन् । तर माथिको व्याख्याबाट यो कुरा प्रष्ट भइसकेको छ कि उनीहरूको आफ्नो बेग्लै नीति वा कार्यक्रम थिएन र उनीहरू कैयौँ बेग्लाबेग्लै समुहहरूमा बाँडिएका छन् । त्यसैले उनीहरूले जेनजी आन्दोलनका मागहरू भनेर जुन सोचाइहरूलाई अगाडि ल्याउँछन्, ती पनि बेग्लाबेग्लै देशी विदेशी शक्तिहरूका नीतिहरू नै हुन् । अहिले जेनजीको नाममा जुन समुहहरूले सरकारसित बेग्लाबेग्लै मागहरू पूरा गर्नका लागि दबाब दिने गरेका छन्, तिनीहरूमा पनि कुनै एकरूपताको अभावका कारणले मन्त्रिमण्डलमा उनीहरूको प्रतिनिधित्व पनि हुन सकेको छैन । कुनै एक पक्षका व्यक्तिहरूलाई मन्त्रिमण्डलमा सामेल गर्न खोजेमा जेनजीको अर्को पक्षले नै उनीहरूका विरुद्ध नारा जुलुस गर्न थाल्दछन् । त्यसैले प्रधानमन्त्रीले समेत बाध्य भएर भन्नु परेको छ : जेनजी आन्दोलनको नेता को हो ? मैले चिन्न सकेकी छैन ।

१८. अहिलेको जेनजी आन्दोलनको प्रत्यक्ष अनुभवबाट एउटा कुरा प्रष्ट भएको छ, जेनजी वा त्यो उमेर समुह देशमा कुनै प्रकारको आन्दोलनको नेतृत्व गर्न वा देशलाई राजनीतिक नेतृत्व दिन पनि सफल हुँदैन । किनभने जेनजी समुह भनेको कुनै दर्शन, सिद्धान्त, राजनीतिक नीति र कार्यक्रम वा सङ्गठनात्मक पद्धतिमा सङ्गठित समुह होइन । त्यो एउटा उमेर समुह मात्र हो, जो विभिन्न विचार वा राजनीतिक धाराहरूमा पनि बाँडिएका हुन सक्दछन् । अहिलेको देशको अवस्थाको नै कुरा गर्ने हो भने जेनजी उमेरका युवाहरू विभिन्न राजनीतिक पार्टीहरूमा बाँडिएका छन् र जेनजी युवाहरूले विभिन्न राजनीतिक पार्टीहरूसितको संलग्नता अनुसार नै आफ्ना विचारहरू प्रकट गर्ने गर्दछन् । त्यो कुरा अहिले जेनजीहरूका बेग्ला बेग्लै समुहहरूले अगाडि ल्याएको

विचारहरूबाट पनि प्रष्ट हुन्छ । उनीहरूको अर्को आधारभूत कमजोरी के हो भने, उनीहरूमा सैद्धान्तिक स्पष्टता वा राजनीतिक परिपक्वता नभएको हुनाले उनीहरूलाई कुनै पनि राजनीतिक समुहले सजिलैसित उपयोग गर्न सक्दछ, जुन कुरा अहिलेको उनीहरूको थोरै दिनको आन्दोलनको अनुभवबाट पनि प्रष्ट भएको छ । त्यसकारण, देशको कुनै आन्दोलनको सही नेतृत्व वा सही दिशा निर्देशनको लागि एउटा सही सिद्धान्त, राजनीति वा कार्यक्रममाथि आधारित राजनीतिक पार्टी नै चाहिन्छ । यद्यपि यो कुरा बेग्लै हो कि कतिपय गलत राजनीतिक नेतृत्वहरूले पनि जनतालाई कैयौँ प्रकारका भ्रम दिन सक्दछन् र त्यसबाट देशलाई धेरै नै नोक्सान पनि पुग्न सक्दछ । त्यैपनि देशको विकासको लागि परिपक्व राजनीतिक पार्टी वा नेतृत्व बाहेक अरू कुनै विकल्प छैन ।

१९. अहिले देशमा भ्रष्टाचार गम्भीर समस्या बनेको छ र त्यसले गर्दा देशको विकासमा धेरै नै बाधा पुगेको छ । विभिन्न राजनीतिक पार्टी वा संगठनहरू पनि त्यस प्रकारको भ्रष्टाचारमा धेरै नै लिप्त भएको पाइन्छ । तर त्यसको अर्को पक्ष यो हो कि, त्यस प्रकारको भ्रष्टाचार गरे पनि उनीहरू ठुलो सङ्ख्यामा जनताको समर्थन प्राप्त गर्न वा चुनाव जित्न पनि सफल हुन्छन् । त्यो कुरा यहाँसम्म विकृत रूपमा पनि देखा पर्ने गरेको छ कि, सहकारीताको क्षेत्रमा अर्बौं रूपिया भ्रष्टाचार गर्ने तत्त्वहरू पनि थोरै समयमा नै जनताको ठुलो समर्थन प्राप्त गर्ने वा चुनावमा महत्वपूर्ण सफलता प्राप्त गर्न सफल हुने गर्दछन् । त्यति मात्र होइन, उनीहरूका पक्षमा लाखौँ जनता हस्ताक्षर गर्न अगाडि आउँछन् । खाली सामान्य जनतामात्र होइन कैयौँ माथिल्लो तहका नेताहरू, जसमा कैयौँ शीर्षस्थ वामपन्थी नेताहरू पनि आउँदछन्, उनीहरूको पक्षमा हस्ताक्षर गर्न अगाडि आएको देखिन्छ । त्यसले नेपालको जनमत वा राजनीतिमा पनि गम्भीर प्रकारको विकृति भएको कुराको अनुमान गर्न सकिन्छ । जेनजीको आन्दोलनले भ्रष्टाचारको प्रश्नलाई गम्भीर रूपमा अगाडि ल्याएको थियो र त्यो सही पनि थियो ।

हाम्रो पार्टीले सधैँ भ्रष्टाचारका विरुद्ध आवाज उठाउँदै आएको छ र भ्रष्टाचारसित सम्बन्धित विषयहरूमा निष्पक्षतापूर्वक कारबाही गर्नु पर्ने आवश्यकतामा जोड दिँदै आएको छ र अहिले पनि हामीले त्यस प्रकारको आवश्यकतामा जोड दिन्छौँ । त्यस सन्दर्भमा २ वटा कुराहरूमा विशेष ध्यान दिनुपर्ने आवश्यकता हुन्छ । प्रथम, देशमा भ्रष्टाचार उच्च राजनीतिक वृत्तका साथै प्रशासन यन्त्र वा न्यायपालिकामा पनि तलसम्म व्याप्त भएको छ । त्यसकारण भ्रष्टाचारलाई समाप्त गर्नका लागि राजनीतिक वृत्त, प्रशासनयन्त्र वा न्यायपालिकामा समेत भएको भ्रष्टाचारलाई समाप्त गर्न ठोस पहलकदमी गर्नुपर्ने आवश्यकता छ । अहिले २०४६ साल यता सार्वजनिक पदमा कार्यरत व्यक्तिहरूको सम्पत्तिको नै जाँच गर्ने कुरा उठिरहेको छ । त्यसो गर्दा बढी बहुदलीय व्यवस्थामाथि नै हमला गर्ने र त्यसलाई गलत सावित गर्ने तथा त्योभन्दा पहिले कायम भएको पञ्चायती तानाशाही व्यवस्थालाई चोखो रहन दिने नै सम्भावना रहने छ । त्यस कारण हाम्रो पार्टीले २०१७ सालदेखि नै सत्तामा रहेका वा सार्वजनिक पदमा रहेका व्यक्तिहरूको पनि सम्पत्ति छानबिन गर्ने कुरामा जोड दिएको छ, जसअन्तर्गत पूर्वराजा पनि आउने छन् । उनीहरू सत्तामा हुँदा राष्ट्रिय सम्पत्तिको कति धेरै दुरूपयोग भयो ? त्यसलाई पनि छानबिनको दायरामा ल्याउनु पर्ने कुरामा हामीले जोड दिन्छौँ ।

२०. अहिले विदेशमा रहेका नेपालीहरूलाई पनि मतदानमा सामेल गर्ने कुरा जेनजीहरूले चर्को रूपमा उठाउने गरेका छन् । त्यो विचारलाई हाम्रो पार्टीले दृढतापूर्वक समर्थन गर्दछ । नेपालमा सर्वप्रथम हाम्रो पार्टीले नै त्यो विचार अगाडि ल्याएको थियो र सर्वोच्च अदालतले समेत सरकार र निर्वाचन आयोगलाई त्यसका लागि निर्देशन दिएको थियो । तर अहिलेसम्म सर्वोच्च अदालतको त्यो निर्णयलाई कार्यान्वयन गर्न सरकारले कानुन बनाउने वा त्यसका लागि स्रोत र साधनको व्यवस्था गर्ने समेत काम गरेको छैन । पहिले त्यसबारे सरकारले बनाएको नियममा पनि सार्क

क्षेत्र बाहेक अन्य देशहरूमा बसेका प्रवासी नेपालीहरूलाई त्यस प्रकारको मतदानको व्यवस्था गर्ने कुरा गरेको थियो । तर हाम्रो जोड यो कुरामा रहेको छ कि प्रवासी नेपालीहरू ठुलो सङ्ख्यामा बस्ने सार्कका देशहरू, मुख्यत: भारतमा बस्ने प्रवासी नेपालीहरूलाई पनि त्यस प्रकारको मतदानको व्यवस्था गरिनुपर्छ ।

२१. हामीले पहिलेदेखि नै प्रतिगमनका विरुद्धको सङ्घर्ष वा चुनावका बेलामा पनि विभिन्न राजनीतिक शक्तिहरूसित तालमेलको नीति अपनाउँदै आएका थियौँ । तर हाम्रो पार्टीको नवौँ महाधिवेशनले अपवादको रूपमा कुनै स्थानीय तहमा बाहेक अन्य पक्षहरूसित चुनावका लागि कुनै तालमेल नगर्ने नीति निर्धारित गरेको छ । अहिले चुनाव भयो वा त्यसमा पार्टीले भाग लिने अवस्था आयो भने पनि हाम्रो नीति मुख्य रूपले कुनै पक्षसित चुनावी तालमेल नगर्ने र एक्लै चुनावमा जाने नै हुनेछ । चुनावमा हाम्रो मुख्य जोड जनतामा राजनीतिक प्रचार तथा अन्य पक्षहरूको राजनीतिक भण्डाफोरमा नै हुनेछ । पहिले हामीले त्यही प्रकारको नीति अपनाएर चुनावमा भाग लिने गरेका थियौँ । तर पछि अन्य पक्षहरूले चुनावमा इमान्दारीता नदेखाउने वा अन्तरघात गर्ने गरेको हुनाले हाम्रो पार्टीको नवौँ महाधिवेशनले त्यो नीतिमा परिवर्तन गरेको थियो र अहिले पनि हाम्रो त्यो नीति कायम छ । त्यसरी एक्लै चुनाव लड्दा कैयौँ महत्त्वपूर्ण उपलब्धिहरू हुने छन् । जस्तै कि हामीले जनताका बिचमा व्यापक रूपले राजनीति प्रचार गर्न अन्य राजनीतिक शक्तिहरूको भण्डाफोर गर्न, जनाधारको निर्माण गर्न, पार्टी र कार्यकर्ताहरूको व्यापक परिचालन गर्न र त्यसरी सङ्गठनलाई शक्तिशाली बनाउन आदि । एउटा अर्को दृष्टिकोणले पनि एक्लै चुनाव लड्दा हुने सुविधाजनक स्थितिप्रति हाम्रो ध्यान जानुपर्ने आवश्यकता छ । अन्य पक्षहरूसित संयुक्त भएर चुनाव लड्दा हामीले धेरै नै आर्थिक भार बोक्नु पर्दछ र चुनावपछि हामीले धेरै नै ऋणको बोझ बोक्नु पर्दछ । एक्लै चुनाव लडेमा हामीले आफूले सक्ने जति नै चुनावमा खर्च गर्दछौँ र अनावश्यक

ऋण बोक्नुपर्ने आवश्यकता हुँदैन । अन्य पक्षहरूसँग संयुक्त भएर चुनाव लड्दा हामीले आफ्नो राजनीतिक भण्डाफोरलाई कतिपय प्रकारले सीमित राख्नुपर्ने आवश्यकता हुन्छ । तर एक्लै चुनाव लड्दा हामीले राजनीतिक भण्डाफोरलाई पूरै नै अगाडि बढाउन सक्दछौँ । अन्य पक्षहरूसँग संयुक्त भएर चुनाव लड्दा हामीले सीमित रूपमा नै आफ्नो उम्मेदवार उठाउन पाउँदछौँ । तर एक्लै चुनाव लड्दा हामीले देशव्यापी रूपमा नै चुनावलाई उपयोग गर्न सक्दछौँ । त्यसैले हामीले आगामी चुनावलाई एक्लै लड्नका लागि आफूलाई राजनीतिक, सङ्गठनात्मक र मानसिक रूपले अहिलेदेखि नै तयार पार्दै लैजानु पर्दछ ।

२२. नेपालमा गतकालमा हुने चुनावको एउटा मुख्य समस्या के हो भने ती निष्पक्ष, स्वच्छ वा धाँधलीरहित तरिकाले हुने गर्दैनन् । चुनावमा करिब करिब खुला प्रकारले पैसाको प्रयोग गरिन्छ वा खुला रूपले गुण्डागर्दी पनि गर्ने गरिन्छ । त्यसैको परिणाम हो कि चुनावद्वारा स्वच्छ छवि भएका व्यक्तिहरूभन्दा भ्रष्ट वा गतल तत्त्वहरू नै बढी निर्वाचित हुने गर्दछन् । निर्वाचित भएपछि पनि उनीहरूले भ्रष्ट तरिकाद्वारा धेरै पैसा जम्मा गर्दछन् । त्यसरी चुनावमा त्यस प्रकारको खेलो दोहोरिरहन्छ । त्यसैको परिणामस्वरूप सरकार पनि त्यही प्रकारका तत्त्वहरूको नै बन्दछ, देशमा भ्रष्टाचार र कुशासन बढ्दै जान्छ र देशको विकास हुन पाउदैन । त्यो अवस्थामा जेनजीहरूले भ्रष्टाचारलाई आफ्नो एउटा मुख्य मुद्दा बनाएर अत्यन्त प्रशंसनीय कार्य गरेका छन् । त्यसैले देशको समग्र विकासको लागि चुनावलाई भ्रष्टाचारमुक्त गराउनु एउटा निर्णयात्मक र राष्ट्रिय महत्त्वको कुरा बन्न जान्छ । तर अहिले स्वयं जेनजीका कतिपय अगुवाहरूले चुनावबारे जुन प्रकारको दृष्टिकोण अपनाउन थालेका छन्, त्यसबाट उनीहरूले चुनावलाई पुरानै प्रकारको दलदलमा लैजाने त खोजिरहेका छैनन् ? त्यो प्रश्न गर्ने ठाउँ छ । उनीहरूले पूराना नेताहरूलाई भ्रष्टाचारको मुद्दा लगाएर जेलमा हालेर चुनावमा जानै नदिने प्रकारका विचारहरू

पनि प्रकट गरेको पाइन्छ । निश्चय नै, कुनै नेता जति माथिल्लो तहको भए पनि उनीहरूले भ्रष्टाचार गरेका छन् भने उनीहरूबारे छानबिन वा कारबाही गर्ने कार्य अवश्य पनि गलत होइन । तर चुनावमा उनीहरूलाई सामेल हुन नदिने उद्देश्यले उनीहरू विरुद्ध मुद्दा चलाउने र जेल हाल्ने कुराले उनीहरूको राजनीतिक प्रतिशोधात्मक सोचाइलाई नै बताउँछ । अर्को शब्दमा भ्रष्टाचारका विरुद्ध कारबाही गर्ने सोचाइका पछाडि चुनावमा पुराना नेताहरूलाई प्रतिस्पर्धाबाट बाहिर गराउने र त्यसरी चुनावमा विजयको लागि आफ्नो मार्ग प्रशस्त गर्ने सोचाइले काम गरेको देखिन्छ । स्पष्ट छ कि त्यो अवस्थामा चुनाव स्वच्छ र निष्पक्ष प्रकारको हुने छैन र त्यसबाट वाञ्छित प्रकारको परिणाम आउने सम्भावना कमै हुनेछ । चुनावपछि पनि देश पुरानै प्रकारको वा त्यो भन्दा गम्भीर प्रकारको भ्रष्ट र दलदलमा फस्ने सम्भावना रहने छ । जेनजी आन्दोलनमा नयाँ युवाहरूको जति व्यापक र सशक्त प्रकारको भूमिका भएको भए पनि त्यसको सम्पूर्ण स्वरूपलाई हेर्दा अन्तत्वगत्वा त्यो आन्दोलन जेनजीको नभएर विभिन्न विदेशी साम्राज्यवादी शक्तिहरू, खास गरेर अमेरिकी साम्राज्यवाद र देशभित्रका प्रतिक्रियावादी शक्तिहरूको दीर्घकालीन योजनाअन्तर्गत भएको कुरा प्रष्ट भएको छ । अन्तमा त्यो आन्दोलन जेनजीहरूको रहन गएको थिएन र विभिन्न देशी वा विदेशी शक्तिहरूले त्यसलाई ‘हाइज्याक’ गरेको कुरा पनि अब छर्लङ्ग भइसकेको छ । यो कुराको राम्रैसित अनुमान गर्न सकिन्छ कि उनीहरूले चुनावलाई पनि त्यसरी नै ‘हाइज्याक’ गर्नेछन् र अहिले उनीहरूले पूराना नेताहरूलाई भ्रष्टाचारको मुद्दा लगाएर चुनाव लड्न नदिने जुन कुरा गरिरहेका छन्, त्यसले पनि उनीहरूले त्यही रणनीतिअन्तर्गत काम गरिरहेको कुरा बुझ्न गाह्रो पर्दैन । विभिन्न देशी वा विदेशी प्रतिक्रियावादी शक्तिहरूले चुनावलाई आफ्ना साम्राज्यवादी वा प्रतिक्रियावादी स्वार्थहरूका पक्षमा काम गर्ने प्रकारको तथा स्वतन्त्र तिब्बत वा दलाई लामाको पक्षमा काम गर्ने प्रकारको सरकारको

निर्माण गर्नका लागि पनि चुनावको उपयोग गर्न खोजेको कुराको अनुमान गर्न सकिन्छ । यो कुराको पनि अनुमान गर्न गाह्रो पर्दैन कि त्यही उद्देश्य पूरा गर्न अपेक्षाकृत सजिलो हुने भएको हुनाले उनीहरूले प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखमा जोड दिइरहेका छन् । संसदीय प्रणालीबाट निर्वाचित कार्यकारी प्रमुखको निर्वाचन हुँदा उनीहरूलाई आफ्ना साम्राज्यवादी नीतिहरू पूरा गराउन लामो बहस वा विवादको प्रकृयाबाट जानुपर्ने आवश्यकता हुन सक्दछ । तर एउटै कार्यकारी प्रमुख भएमा त्यसद्वारा आफ्ना नीतिहरू कार्यान्वयन गर्न उनीहरूलाई अपेक्षाकृत रूपमा सजिलो हुने छ । त्यसरी अहिले जेनजी वा अन्तरिम सरकारका मातहतमा हुने चुनावमा साम्राज्यवादी शक्तिहरूको ठुलो षड्यन्त्र भएको र उनीहरूको त्यस प्रकारको षड्यन्त्रविरुद्ध कडा संघर्ष गरेर पराजित नगरेमा देशमा साम्राज्यवादको प्रभुत्व कायम हुने र नेपाल युद्धको भूमिमा बदलिने गम्भीर खतरा पैदा हुन सक्दछ । अहिले जेनजी आन्दोलनको दौरानमा ठुलो पैमानामा कैदीहरू जेलबाट उम्केका छन् र प्रहरीका हतियारहरू पनि धैरै नै लुटिएका छन् । संसारका विभिन्न देशहरूमा कैदीहरूलाई पनि गलत राजनीतिक उद्देश्यको पूर्तिका लागि उपयोग गर्ने गरिएका धेरै उदाहरणहरू छन् । त्यो अवस्थामा यो शंका गर्ने ठाउँ छ, के जेनजी आन्दोलनको दौरानमा नेपालमा कैदीहरूलाई पनि कुनै सुनियोजित योजनाअन्तर्गत नै जेलबाट उम्काइएको त हैन ? कुनै एक ठाउँमा कैदीहरू जेलबाट उम्कन सके पनि देशभरिबाट उनीहरू त्यसरी उम्कन सक्नुका पछाडि कुनै सुनियोजित योजनाले नै काम गरेको त थिएन ? आगामी चुनावमा ती कैदीहरू वा हतियारहरूलाई प्रयोग गरेर चुनावलाई प्रभावित गर्ने प्रयत्न गरियो भने त्यसको परिणाम स्वरूप देशमा अवाञ्छित प्रकारका तत्वहरूले चुनावमा भारी सफलता प्राप्त गर्ने, देश फासिष्ट शासनतिर जाने र त्यसबाट देशमा दुरगामी नकारात्मक असरहरू पर्ने नै बढी सम्भावना रहने छ । त्यसकारण त्यो पक्षप्रति पनि हाम्रो गम्भीर ध्यान जानुपर्ने आवश्यकता छ ।

२३. हाम्रो पार्टीले नेपालमा बढिरहेको अमेरिकी साम्राज्यवादी खतराका विरुद्ध लगातार संघर्ष गर्दै आएको छ र त्यो संघर्षमा हाम्रो पार्टी सबैभन्दा अग्रीम पङ्क्तिमा रहेको छ । हामीले अमेरिकी साम्राज्यवादका विरुद्ध राष्ट्रिय रूपमा सन्देश दिन नै चितवनको उपचुनावमा भाग लिएका थियौँ र पछि अमेरिकी साम्राज्यवादका विरुद्ध मेची–महाकाली अभियानको पनि सञ्चालन गरेका थियौँ । अब व्यवहारले नै नेपालमा अमेरिकी साम्राज्यवादको खतरा बढ्दै गएको कुरा झन्पछि झन् प्रष्ट हुँदै गएको छ । त्यसैले त्यसका विरुद्धको भण्डाफोरलाई अरू बढाएर लैजानुपर्ने आवश्यकता भएको छ । नेपालका पूराना विभिन्न अमेरिकापरस्त राजनीतिक शक्तिहरूमाथि पूरा विश्वास नभएर अमेरिकाले कथित स्वतन्त्र पार्टीलाई अगाडि ल्याएको थियो । तर त्यसमाथि पनि पूरा विश्वास नभएर अब जेनजी आन्दोलनद्वारा त्यसले अरू अमेरिकापरस्त राजनीतिक शक्तिलाई अगाडि ल्याउने नीति अपनाएको छ र उनीहरूकै समर्थनमा अन्तरिम सरकारसमेतको गठन गरेको छ । अब चुनावद्वारा त्यसले पूरा अमेरिकाको पक्षमा काम गर्ने सरकार वा कार्यकारी प्रमुख ल्याउने रणनीतिअन्तर्गत काम गरिरहेको छ । त्यसकारण ती सबैका विरुद्ध व्यापक भण्डाफोर बढाएर लैजानु पर्ने आवश्यकता छ । नेपालमा अन्य प्रजातान्त्रिक वा वामपन्थी शक्तिहरूले पनि एक वा अर्को प्रकारले अमेरिकापरस्त नीति अपनाउने गरेका छन् । तिनीहरूका विरुद्ध पनि भण्डाफोर बढाएर लैजानुपर्ने आवश्यकता छ । साम्राज्यवादपरस्त तत्त्वहरूका विरुद्ध भण्डाफोरको कार्यक्रम बढाएर लैजानुका साथै देशभित्रका अन्य विभिन्न राजनीतिक पार्टीहरूका गलत नीति र कार्यक्रमहरूका विरुद्ध पनि भण्डाफोर बढाएर लैजानुपर्ने आवश्यकता छ । देशभित्र ठुलो सङ्ख्यामा काम गरिरहेका एनजीओ र आइएनजीओहरूले पनि साम्राज्यवादको पक्षमा भ्रम फैलाउने र जनमतलाई कुण्ठित गर्ने प्रकारका कार्यहरू योजनावद्ध प्रकारले गर्ने गरेका छन् । त्यसकारण तिनका विरुद्ध पनि जनचेतना उठाउनेतिर हाम्रो विशेष ध्यान

जानुपर्ने आवश्यकता छ । बारबारा फाउडेसनले पनि अमेरिकी साम्राज्यवादको पक्षमा योजनावद्ध प्रकारले काम गरेको वा त्यसका लागि ठुलो पैमानमा पैसाको वितरण गरेको कुरा प्रकाशमा आएको छ । देशमा समाजसेवाको क्षेत्रमा काम गरिरहेका संघसंस्थाहरूको पनि अमेरिकी साम्राज्यवादसितको त्यस प्रकारको संलग्नताबाट जनतामा गहिरो असर पर्ने सम्भावना धेरै नै देखिन्छ । खाली बारबरा फाउण्डेसनको कुरा मात्र होइन, समाजसेवाको क्षेत्रमा काम गरेका अन्य कैयौ संस्था वा व्यक्तिहरू पनि अमेरिकी साम्राज्यवादको पक्षमा त्यसरी सङ्गठित रूपले काम गरिरहेको सम्भावनातिर हाम्रो ध्यान जानुपर्ने आवश्यकता छ । यसका साथै नेपालको जेनजी आन्दोलनमा मुख्य भूमिका अमेरिकाको हुनाको साथै भारतीय साम्राज्यवादले पनि आफ्ना निहित स्वार्थ पूरा गर्नका लागि त्यसमा घुसपैठ गरेको सम्भावनालाई पनि अस्वीकार गर्न सकिन्न ।

२४. आगामी दिनहरूमा हाम्रो मुख्य नीति जनतामा राजनीतिक प्रचार गर्ने र राजनीतिक भण्डाफोर गर्ने नै हुनेछ । चुनाव भएमा वा नभएमा पनि हाम्रो मुख्य नीति त्यही हुने छ । जस्तो कि हाम्रो पार्टीको नवौं महाधिवेशनले निर्देशन दिएको छ, आगामी चुनावहरूमा हाम्रो नीति कसैसित गठबन्धन नगरेर एक्लै चुनाव लड्ने नै हुने छ । त्यो दौरानमा पनि हाम्रो मुख्य जोड राजनीतिक भण्डाफोर गर्दै जनताको राजनीतिक चेतना उठाउने तर्फ नै हुने छ । अवश्य पनि यो हाम्रो नयाँ नीति होइन । पहिलेका चुनावहरूमा हामीले त्यही प्रकारको नीति अपनाउने गरेका थियौँ र त्यसरी हामी जनताको व्यापक समर्थन प्राप्त गर्न वा चुनावमा अहिलेको भन्दा बढी सफलता प्राप्त गर्न पनि सफल भएका थियौँ । त्यसको अर्थ गतकालमा हामीले अपनाएका गठबन्धनका नीतिहरू गलत थिए भन्ने होइन । देशमा खास गरेर प्रतिगमनको खतरा बढेको अवस्थामा त्यसको सामना गर्नका लागि हामीले गठबन्धनको नीति अपनाउनु परेको थियो र आवश्यकता अनुसार आगामी दिनहरूमा कुनै राजनीतिक

अवस्थामा हामीले त्यस प्रकारको नीति अपनाउनु पर्ने सम्भावनालाई पूरै अस्वीकार गर्न सकिन्न ।

२५. अहिले चुनावको सिलसिलामा प्रत्यक्ष रूपले निर्वाचित कार्यकारी प्रमुखका साथै पूर्ण समानुपातिकको कुरा पनि व्यापक रूपले उठिरहेको छ । हामीले पहिलेदेखि नै मिश्रित प्रकारको अर्थात् प्रत्यक्ष र समानुपातिक दुवै प्रकारको चुनाव प्रणालीमा जोड दिँदै आएका छौँ र अहिले पनि दिन्छौँ । प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखले देशलाई कसरी अधिनायकवादतिर लैजाने सम्भावना छ वा नेपाल जस्तो देशमा कसरी त्यसको अत्याधिक सम्भावना छ, त्यसबारे पहिले नै चर्चा भइसकेको छ । पूर्ण समानुपातिक प्रणालीले पनि सबै सांसदहरूलाई मनोनयन गर्ने कार्य एउटा पार्टी वा त्यसको नेतृत्वलाई नै दिन्छ । त्यसरी पूर्ण समानुपातिक प्रणालीको परिणाम निश्चित रूपले अधिनायकवाद नै हुने छ । त्यसको विपरीत, पूर्ण प्रत्यक्ष प्रणालीको विचारलाई पनि हामीले गलत मान्दछौँ । किनभने त्यसले प्रत्यक्ष चुनावद्वारा निर्वाचित हुन नसकेका कमजोर जनसमुहहरूको प्रतिनिधित्वको सम्भावनामा रोक लगाउने छ । प्रत्यक्ष रूपले निर्वाचित हुन नसक्ने विभिन्न जनसमुहहरूको संसदमा प्रतिनिधित्वका लागि समानुपातिक प्रकारको निर्वाचन प्रणालीले मद्दत पुऱ्याउन सक्दछ ।

२६. पहिले जेन जीहरूमा दलीय प्रणालीको विरोध गर्ने प्रवृत्ति बढी पाइन्थ्यो । तर अब उनीहरू स्वयंमा नयाँ राजनीतिक पार्टीहरू गठन गर्ने अभियान शुरू भएको छ । प्रथमतः उनीहरूले कुनै एउटा होइन कैयौँ राजनीतिक पार्टीहरू बनाउने पहल गर्न थालेका छन् । त्यसबाट जेनजी भनेको कुनै एउटा सङ्गठित समुह होइन भन्ने कुरा प्रष्ट भएको छ र अब उनीहरूले विभिन्न पार्टीहरूमा सङ्गठित हुने प्रयत्न गर्दैछन् । त्यसरी पार्टीहरू बनाउँदा पनि कुन सिद्धान्त, नीति वा कार्यक्रम अपनाउने वा कुन प्रकारको संगठन प्रणालीका आधारमा संगठन बनाउने त्यसबारे उनीहरू अलमलमा परेको पाइन्छ । त्यो बाहेक जेनजीहरू विभिन्न

राजनीतिक धाराहरूमा बाँडिएको कुरा पनि स्पष्ट छ । त्यसकारण विभिन्न राजनीतिक पार्टीहरूले आफ्नो लाइन अनुसार उनीहरूलाई संगठित गर्न प्रयत्न गर्ने कुरा पनि प्रष्ट छ । कुनै राजनीतिक पार्टी एकाएक बन्न सक्दैन । त्यसको लागि दशकौँको अनुभव वा छलफलको आवश्यकता पर्छ । त्यसको लागि खालि सैद्धान्तिक प्रकारको बहसद्वारा मात्र राजनीति वा सङ्गठनका कार्यक्रमहरूमा परिपक्वता वा स्पष्टता आउँदैन । त्यसका लागि लामो अनुभव वा परीक्षाहरूका बिचबाट जानु पर्ने आवश्यकता हुन्छ । त्यो अवस्थामा उनीहरूले बेग्ला बेग्लै पार्टी बनाए पनि त्यो प्रारम्भिक प्रयोग मात्र हुने छ । नेपालको राजनीतिमा कतिपय नयाँ राजनीतिक पार्टीहरू बने पनि थोरै समयमा उनीहरूले महत्त्वपूर्ण सफलताहरू प्राप्त गरेका कैयौँ उदाहरणहरू हाम्रा अगाडि छन् । त्यसरी कतिपय नयाँ राजनीतिक पार्टीहरूले पनि चुनावमा केही उपलब्धिहरू प्राप्त गर्ने सम्भावनालाई पूरै अस्वीकार गर्न सकिन्न । तर त्यस प्रकारको उपलब्धिले देश र जनतालाई सही दिशामा लैजान नसक्ने कुरा कतिपय राजनीतिक शक्तिहरू, उदाहरणका लागि कथित “स्वतन्त्र पार्टी” को प्रयोग वा अनुभवबाट प्रमाणित भइसकेको छ ।

२७. साम्राज्यवादी शक्तिहरू वा देशभित्रका प्रतिगामी शक्तिहरूले स्रोत वा साधनहरू दिएर कतिपय नयाँ गठन गरिएका राजनीतिक पार्टीहरूलाई चुनावमा बढी सफल पार्न सक्ने सम्भावनालाई पनि अस्वीकार गर्न सकिन्न । जेनजी आन्दोलनमा विभिन्न साम्राज्यवादी वा प्रतिगामी शक्तिहरूले खेलेको भूमिकामाथि विचार गर्दा त्यो सम्भावना पनि धेरै छ । समग्र रूपमा के भन्न सकिन्छ भने कुनै स्पष्ट सिद्धान्त, नीति, कार्यक्रम वा पृष्ठभूमि नभएको कुनै राजनीतिक शक्तिद्वारा दीर्घकालीन रूपमा देश र जनताको हित नहुने कुरा प्रष्ट छ र हामीले जनतामा त्यस प्रकारको चेतना दिन सङ्गठित र योजनावद्ध प्रकारले प्रयत्न गर्नु पर्दछ ।

२८. जेनजी वा युवा शक्ति देशमा छलफलको एउटा प्रमुख विषय बनेको छ । एकातिर जेन जीहरूले देशमा बढेको भ्रष्टाचार

वा त्यो कारणले भएको देशको दुर्दशाप्रति व्यापक असन्तोष प्रकट गर्ने गरेका छन् । सामान्यत: के सोच्ने गरिन्थ्यो भने नयाँ पुस्ताको राजनीतिप्रति कुनै रूची छैन । तर जेनजीको आन्दोलनले त्यो भनाइलाई गलत सावित गरेको छ । जेनजीहरू व्यापक रूपले आन्दोलनमा उत्रनु देशको लागि एउटा शुभ सङ्केत हो । अन्तमा, देशको भविष्य नयाँ पुस्तामाथि नै निर्भर गर्दछ । तर त्यसको अर्को पक्षतिर पनि हाम्रो ध्यान जानुपर्ने आवश्यकता छ । नयाँ पुस्तामा उच्च प्रकारको चेतना, वैचारिक स्पष्टता र देशभक्तिको भावना हुनु पर्दछ । त्यसैले उनीहरू सचेत र परिपक्व हुन सके भने उनीहरूले देशलाई उज्ज्वल दिशामा लैजान सक्दछन् । त्यसकारण स्वयं नयाँ पुस्ताले पनि आफूलाई त्यस रूपमा तयार पार्न ध्यान दिनुपर्दछ भने अर्कोतिर पुरानो पिंढीले पनि उनीहरूलाई त्यस रूपमा तयार पार्न ध्यान दिनु पर्दछ । अन्यथा नयाँ पुस्तामा भएको उर्जाको दुरूपयोग हुन सक्ने छ र गलत तत्वहरूले उनीहरूलाई गलत दिशामा उपयोग गर्न सक्ने छन् । त्यसबाट नयाँ पुस्ता र सम्पूर्ण देशलाई नै गम्भीर क्षति पुग्न सक्दछ । त्यस्तो हुन नपाओस् भन्नका लागि नयाँ पुस्तामा उच्च प्रकारको चेतना, वैचारिक परिपक्वता र देशभक्तिको भावनाको विकासमा ध्यान दिनु निर्णयात्मक महत्त्वको कुरा हुन जान्छ ।

२९. आम नेपाली जनता र जेनजीको पनि नेपालमा व्यापक भ्रष्टाचार र कुशासन भएको, सरकारमा पनि भ्रष्ट राजनीतिक दलहरूको नै प्रभुत्व भएको र त्यही कारणले देशको विकास हुन नसकेको आम धारणा पाइन्छ । त्यसको समाधान खाली यही कुराबाट मात्र हुन सक्दछ कि, भ्रष्ट राजनीतिक पार्टी वा नेताहरूलाई दण्ड गरियोस् र देशमा निष्कलङ्क छवि भएका राजनीतिक पार्टीहरू नै शक्तिशाली बनुन् । ने.क.पा.(मसाल) ले सँधै त्यस प्रकारको नीतिमा जोड दिँदै आएको छ र भ्रष्टाचार तथा कुशासनका विरुद्ध सम्झौताहीन र दृढतापूर्वक सङ्घर्ष गर्दै आएको छ । त्यसको नेतृत्वदायी भूमिकाका कारणले देशको राजनीतिमा

राष्ट्रिय जनमोर्चाले पनि निष्कलङ्क र स्वच्छ भूमिकाको गौरवमय इतिहास रहेको छ । जस्तो कि माथि पनि उल्लेख गरियो, गत तीन दशकको बिचमा त्यसका नेताहरूले सांसद हुँदा कुनै आर्थिक अनियमितता वा भ्रष्टाचार गरेका छैनन् र लेखा समिति वा उपप्रधानमन्त्री जस्ता महत्त्वपूर्ण पदहरूमा जाँदा पनि भ्रष्टाचार गरेको एउटा पनि उदाहरण छैन । बताइरहनुपर्ने आवश्यकता छैन कि त्यस प्रकारको पार्टी नै अहिले देशका लागि सही विकल्प हुन सक्छ । तर यो नेपालको राजनीतिको विडम्बना हो कि जुन पार्टी वा नेताहरूको त्यस प्रकारको निष्कलङ्क छवि छ, उनीहरूलाई नै चुनावमा नगन्य सफलता मिल्दछ र भ्रष्ट पार्टी वा नेताहरूले नै चुनावमा भारी सफलता प्राप्त गर्दछन् । नेपालको राजनीतिमा यस्तो पनि प्रायशः पाइन्छ कि कुनै राजनीतिक पृष्ठभूमि वा इतिहास नभएका व्यक्तिहरूले जनताका बिचमा अकस्मात देखा परेर कृतिम र आकर्षक नारा दिएर, ठुलो पैमानामा पैसा खर्च गरेर वा सामाजिक सञ्जालद्वारा व्यापक प्रचार गरेर थोरै समयमा नै महत्त्वपूर्ण सफलताहरू प्राप्त गर्दछन् । तर अर्कातिर, जुन जीवनभरी नै इमान्दारीतापूर्वक देश र जनताका लागि सङ्घर्ष र बलिदान गरेका वा इमान्दारीपूर्वक जनताको नेताहरू चुनावमा पराजित हुनु पर्छ । त्यसका साथै सरकारका गलत नीति वा क्रियाकलापहरूका कारणले जनतामा देखा परेको लोकप्रियतावादी, जो मूल रूपमा एउटा नकारात्मक प्रकारको सोचाइ हो,का कारणले पनि कैयौँ गलत तत्त्वहरूले चुनावमा सफलता प्राप्त गर्ने गर्दछन् । आगामी चुनावमा पनि त्यस प्रकारको सम्भावना अत्यधिक रूपमा छ । जबसम्म देशमा एकातिर, भ्रष्ट प्रकारको चुनाव प्रणालीमा परिवर्तन हुँदैन र अर्कोतिर, लोकप्रियतावादी जनमतमा सुधार भएर जनतामा उच्च प्रकारको राजनीतिक चेतना पैदा हुँदैन, जतिपल्ट चुनावहरू भए पनि गलत र अवाञ्छित तत्त्वहरूले बारम्बार चुनावमा सफलता प्राप्त गर्ने, उनीहरू नै सरकारमा पुग्ने तथा देशको विकासमा गत्यावरोधको पुनरावृत्ति भइरहने छ । जनताले

देशमा भ्रष्टाचार बढेकोमा वा सन्तोषजनक प्रकारले विकास हुन नसकेकोमा राजनीतिक पार्टी वा सरकारप्रति विरोध वा असन्तोष प्रकट गर्दछन् । त्यो सही पनि हो । तर त्योसित जोडिएको यो पक्ष पनि उल्लेखनीय छ कि संसद वा सरकारमा त्यस प्रकारका भ्रष्ट तत्त्वहरू स्वयं जनताले उनीहरूलाई दिएको भोटको कारणले विजय हुन्छन् । त्यसका लागि अहिलेको भ्रष्ट कार्यक्रम र जनताको सेवाका आधारमा नै चुनावमा विजय प्राप्त गर्ने सुनिश्चित प्रणालीको विकासको आवश्यकता छ । त्यसो भएपछि नै भ्रष्ट राजनीतिक पार्टी वा उम्मेदवारहरू सांसदमा विजयी बन्ने छैनन् र त्यस प्रकारका तत्त्वहरू सरकारमा पुग्न पनि सक्ने छैनन् । त्यसैले अहिलेको भ्रष्ट निर्वाचनमा सुधार निर्णयात्मक महत्त्वको आवश्यकता हो । जनतामा उच्च प्रकारको चेतना नभइकन यो सम्भव छैन । त्यसैले हाम्रो पार्टीले भ्रष्ट राजनीतिक पार्टी वा सङ्गठनहरूको भण्डाफोर र जनतामा उच्च प्रकारको राजनीतिक चेतनाको विकासमा विशेष जोड दिन्छ ।

**ग.**

३०. आज विश्वमा युद्ध र शान्तिको गम्भीर समस्या देखा परेको छ । त्यसको मुख्य कारण साम्राज्यवाद नै हो । साम्राज्यवादका कारणले नै विश्वका कैयौं भागमा युद्धहरू चलिरहेका छन्, अन्यत्र पनि युद्धको विस्फोट हुने सम्भावना बढ्दै गएको छ र युद्धले विश्वयुद्धको रुप लिने खतरा पनि बढ्दै गएको छ । आजको युगमा विश्वयुद्धको अर्थ आणविक युद्ध हुने नै बढी संभावना रहन्छ । आणविक युद्धको अर्थ सम्पूर्ण मानवजातिको नै क्षति हो । त्यसकारण युद्धको विरोध गर्नु र शान्तिको रक्षा गर्नु अहिलेको अन्तर्राष्ट्रिय आवश्यकता भएको छ । यो स्पष्ट छ कि युद्धको स्रोत साम्राज्यवाद नै भएको हुनाले विश्व शान्तिको लागि पनि सर्वप्रथम र मुख्य रूपले साम्राज्यवादका विरुद्ध नै सङ्घर्ष गर्नु अहिलेको अन्तर्राष्ट्रिय आवश्यकता हो । साम्राज्यवादका विरुद्धको त्यो सङ्घर्ष विश्वभरका साम्राज्यवाद विरोधी र शान्तिप्रेमी जनताको

ऐक्यवद्धताद्वारा नै सम्भव छ । त्यसकारण साम्राज्यवादका विरुद्ध र शान्तिको पक्षमा विश्वव्यापी एकता कायम गर्न अहिलेको अन्तर्राष्ट्रिय आवश्यकता बन्न गएको छ ।

३१. अहिले गाँजाको अत्यन्त गम्भीर स्थिति सम्पूर्ण संसारका अगाडि आएको छ । गाँजाको समस्या प्यालेस्टाइनी जनताको मुख्य आन्दोलनसित जोडिएको छ । करिब साढे सात दशक पहिले प्यालेस्टाइनी जनतालाई अमेरिकाको मदतमा उनीहरूको मातृभूमिबाट जबरजस्ती धपाएर त्यहाँ यहुदीहरूको इजरायल राज्यको स्थापना गरिएको थियो र प्यालेस्टाइनहरू खाडीका विभिन्न देशहरूमा शरणार्थी भएर बस्नको लागि बाध्य भएका थिए । तर उनीहरूले आत्मसमर्पण गरेनन् र त्यो बेलादेखि नै आफ्नो मातृभूमिको मुक्तिका लागि मुक्ति आन्दोलन चलाइरहेका छन् । त्यो संसारको नै एउटा लामो र गौरवमय मुक्ति आन्दोलन हो । अहिले इजरायलले लगातार गाजा पट्टिमा हमला गरिरहेको छ र ठुलो सङ्ख्यामा त्यहाँ मानिसहरूको मृत्यु हुनु, लाखौंको सख्यामा मानिसहरू त्यहाँबाट विस्तापित हुनु र ठुलो मात्रामा त्यहाँको भौतिक संरचना ध्वस्त हुनुका साथै त्यहाँका जनताले लगातार भोकमरीको स्थितिको सामना गर्नु परिरहेको छ । अमेरिकाले त्यहाँ शान्तिको पुनर्स्थापनाको कुरा गर्दछ । तर गाजामाथिको आक्रमण बन्द भएको छैन ।

३२. यहुदी जनता पनि संसारका नै अत्यन्त पीडित जनता हुन् । इजरायलमा जुन फासिष्ट सरकारको स्थापना भएको छ, त्यसद्वारा यहुदी जनता पनि धेरै नै पीडित हुनु परेको छ र उनीहरूले लगातार आफ्नो देशको फासिस्ट सरकारका विरुद्ध आन्दोलन गर्दै आएका छन् । प्यालेस्टाइनको स्वतन्त्र र सार्वभौम राष्ट्रको निर्माण एउटा गम्भीर आवश्यकता हो भने अर्कोतिर यहुदीहरूको स्वतन्त्र र सार्वभौम राष्ट्रको निर्माणलाई पनि हामीले स्वीकार गर्नु पर्दछ । त्यसका साथै यहुदी र प्यालेस्टाइन जनता बिचको एकता र उनीहरू दुबैद्वारा इजरायलको फासिष्ट सरकार

र अमेरिकी साम्राज्यवादको एकतावद्ध आन्दोलनद्वारा नै त्यो क्षेत्रमा चीर शान्ति कायम हुनेछ र त्यहाँको समस्या स्थायी रूपले समाधान हुनेछ । प्यालेस्टाइनी जनता र इजरायल बिचको सङ्घर्षका कारणले सम्पूर्ण मध्य-एसियामा नै लामो समयदेखि अशान्तिको वातावरण तयार भएको छ र त्यसबाट विश्व शान्तिलाई पनि धेरै धक्का पुगिरहेको छ । त्यसैले त्यहाँको समस्या त्यहाँको क्षेत्रीय समस्या मात्र नभएर त्यो सम्पूर्ण मध्य-एसिया र विश्व शान्तिको नै गम्भीर समस्या बन्न गएको छ ।

३३. युक्रेनको युद्ध पनि अहिले सम्पूर्ण विश्वको चासो वा चिन्ताको विषय बन्न गएको छ । अहिले त्यहाँको युद्ध रूसी साम्राज्यवाद र युक्रेनका बिचको युद्ध जस्तो देखिन्छ । तर वास्तवमा त्यो अमेरिकी साम्राज्यवाद र रूसी साम्राज्यवादका बिचको नै युद्ध हो । त्यो युद्धको मुख्य कारण भने अमेरिका र नाटो नै हुन् । अमेरिकाको नेतृत्वमा नाटोले रूसको सिमामा भएको युक्रेनलाई नाटोमा सामेल गर्न खोजेकोले नै त्यहाँ युद्धको स्थिति उत्पन्न भएको हो । त्यसरी त्यहाँको युद्धको लागि मुख्य रूपले अमेरिकी साम्राज्यवाद र नाटो नै जिम्मेवार छन् । त्यो युद्धको कारणले युक्रेनमा ठुलो धनजनको क्षति भएको छ र त्यहाँका लाखौं जनता विस्थापित हुनु परेको छ । त्यो युद्धका कारणले विश्वको अर्थतन्त्रमा पनि ठुलो हानी पैदा भएको छ । त्यो युद्ध विश्वयुद्धमा र आणविक युद्धमा परिनत हुने गम्भीर खतरा पनि उत्पन्न भएको छ ।

३४. ताइवानको प्रश्नमा चीन र अमेरिकाका बिचमा बढिरहेको तनाव वा विवाद पनि विस्फोटकको रूप लिने खतरा बढ्दै गइरहेको छ । त्यहाँ देखा परेको त्यो स्थितिका लागि पनि अमेरिकी साम्राज्यवाद नै जिम्मेवारी छ । चीनमा नयाँ जनवादी क्रान्ति भएपछि च्याङ्काइसेक भागेर ताइवानमा गएको थियो र अमेरिकाको मदतमा नै त्यो अहिलेसम्म टिकेको छ । संसारका अत्यधिक धेरै देशहरू एक चीन नीतिलाई समर्थन गर्दछन् । स्वयम् अमेरिकाले पनि एक चीनको नीतिलाई समर्थन गर्दछ । तैपनि

व्यवहारिक वा सैनिक दृष्टिकोणले त्यसले ताइवानलाई समर्थन गर्दछ र त्यही कारणले त्यहाँ तनावको स्थिति उत्पन्न भएको छ । त्यसैले ताइवानमा पैदा भएको तनावका लागि पनि अमेरिका नै जिम्मेवार छ ।

३५. तिब्बतको प्रश्न पनि अहिले विश्वको एउटा गम्भीर तनावको स्थिति बनेको छ । अमेरिकाले तिब्बतलाई चीनको अङ्ग मान्दछ । तैपनि त्यसले त्यहाँ दलाइ लामालाई पुनर्स्थापित गर्ने रणनीति अन्तर्गत काम गरिरहेको छ । वास्तवमा अमेरिकाको इन्डोप्यासिफिक रणनीति चीनका विरुद्धको सैनिक घेराबन्दीको नीति हो । त्यसले गर्दा सम्पूर्ण हिन्द प्रशान्त क्षेत्रमा नै गम्भीर तनावको स्थिति उत्पन्न भएको छ र त्यसबाट नेपाल पनि धेरै नै प्रभावित हुन जान्छ ।

३६. तिब्बत नेपालको सिमामा पर्ने भएको हुनाले त्यो विवादले नेपाललाई पनि धेरै प्रभावित गर्दछ । ठुलो सङ्ख्यामा खम्पाहरू तिब्बतबाट भागेर नेपालमा आएका थिए र भनिन्छ, अहिले पनि उनीहरू ठुलो सङ्ख्यामा नेपालमा बस्दछन् । भाद्र २३ र २४ गतेको जेनजी आन्दोलनको दौरानमा 'स्वतन्त्र तिब्बत' पक्षधर कतिपय व्यक्तिहरूले त्यो आन्दोलनमा नेतृत्वदायी भूमिका खेलेको वा 'TOB' को बिल्ला लगाएर कैयौँ व्यक्तिहरूले त्यो आन्दोलनमा भाग लिएको वास्तविकताबाट तिब्बतको प्रश्न नेपालका लागि कति गम्भीर अर्थ राख्छ त्यो कुरामा कुनै शङ्का रहन्न । त्यो आन्दोलनपछि बनेको अन्तरिम सरकारलाई दलाइ लामाले दिएको शुभकामनाले पनि त्यो आन्दोलन वा त्यो आन्दोलनपछि बनेको सरकारलाई 'स्वतन्त्र तिब्बत' का पक्षमा उपयोग गर्ने अमेरिकाको गम्भीर षड्यन्त्रलाई बताउँछ । अहिले तिब्बतीयनहरूलाई पनि ठुलो सङ्ख्यामा नेपालको नागरिकता दिनको लागि चलखेल भइरहेको कुरा पनि प्रकाशमा आइरहेको छ । बाह्य रूपमा देखा परेका यी केही तथ्य बाहेक आन्तरिक रूपमा तिब्बतसित जोडर नेपालमा कति षडयन्त्र भइरहेको छ र नेपालका कति राजनीतिक

शक्ति वा अन्य पक्षहरू त्यसमा संलग्न भएका छन् ? त्यसप्रति पनि हाम्रो गम्भीर ध्यान जानुपर्ने आवश्यकता छ । त्यसरी तिब्बत वा दलाइ लामा सम्बन्धी अमेरिकाको रणनीतिका कारणले नेपालको राष्ट्रियता र सार्वभौमिकतामा आँच पुग्ने गम्भीर देखिन्छ । त्यसप्रति सम्पूर्ण नेपाली जनताको ध्यान जानुपर्ने आवश्यकता छ ।

३७. आज संसारका अन्य कैयौँ भागहरू अफ्रिका, लेटिन अमेरिका आदिमा पनि अमेरिका वा अन्य विभिन्न साम्राज्यवादी देशहरूले एक वा अर्को प्रकारले अशान्ति मच्चाउने वा युद्धलाई बढाउने कार्य गर्दै आएका छन् । त्यसरी यो कुरामा कुनै शङ्का रहन्न कि संसारमा जहाँ पनि युद्धहरू चलिरहेका छन् । त्यसका पछाडि मुख्य भूमिका एक वा अर्को साम्राज्यवादी देशको नै रहने गरेको छ ।

३८. अमेरिकी साम्राज्यवादले भेनेजुएलामाथि पनि आक्रमण गर्ने खतरा बढ्दै गइरहेको छ । भेनेजुएला संसारको नै पेट्रोलियम खनिज पदार्थका दृष्टिकोणले अत्यन्त सम्पन्न देश हो । अमेरिकाले त्यसमाथि कब्जा जमाउन चाहान्छ । त्यसकारण त्यहाँ त्यसले आफ्नो कठपुतली सरकार कायम गर्न चाहान्छ र अहिले त्यहाँको सरकारलाई अपदस्त गर्न चाहान्छ । त्यसैले त्यसले त्यहाँ नाकाबन्दी गर्ने, सैन्य दबाब दिने वा आक्रमण समेत गर्ने नीति अपनाउदै आएको छ । अमेरिकामा ट्रम्प राष्ट्रपतिमा चुनिएपछि त्यसले पूरै फासिस्ट नीति अपनाउँदै गएको छ । स्वयम् अमेरिकाभित्र पनि त्यसले व्यापक दमनको नीति अपनाएको छ भने आप्रवासीहरूलाई ठुलो सङ्ख्यामा त्यहाँबाट निष्कासित गर्ने कार्य गरिरहेको छ । उनीहरूलाई हात र खुट्टामा हत्कडी वा नेलहरू लगाएर अमानवीय प्रकारले त्यहाँबाट निष्कासित गर्ने काम भइरहेको छ । आर्थिक रूपले पनि त्यसले संसारभरमा नै आफ्नो प्रभुत्व कायम गर्ने नीति अपनाइरहेको छ । त्यसले क्यानाडा, पनामा वा ग्रीनल्याण्डमा पनि आफ्नो प्रभुत्व कायम गर्ने घोषणा गरेको छ । इरानमा पनि त्यसले आक्रमण गरेको छ र बाम्बार त्यहाँ आक्रमण गर्ने धम्की दिने गरेको छ ।

३९. वास्तवमा अहिले ट्रम्प सत्तामा आएपछि मात्र होइन, पहिलेदेखि नै अमेरिकी साम्राज्यवादको नीति संसारभरि नै आफ्नो प्रभुत्व कायम गर्ने रहेको छ । त्यसका संसारका करिब ८० देशहरूमा करिब पुग नपुग ८०० सैनिक अखडाहरू रहेका छन् । त्यसरी स्पष्ट छ, अमेरिकी साम्राज्यवाद स्वयम् अमेरिकी जनता र विश्वभरको नै एक नम्बरको दुश्मन शक्ति हो । त्यसकारण त्यसका विरूद्ध विश्वव्यापी रूपमा संघर्ष गर्नु र त्यसका लागि अन्तर्राष्ट्रिय रूपमा एकता कायम गर्नु तथा त्यसका लागि बढी भन्दा बढी पहलकदमी गर्नु हाम्रो जिम्मेवारी हुन जान्छ ।

४०. अमेरिकी साम्राज्यवादले विश्वव्यापी रूपमा आफ्नो प्रभुत्व कायम गर्न चाहन्छ । माओले भनेझैं, सबै साम्राज्यवादी वा प्रतिक्रियावादी शक्तिहरू कागजी बाघहरू हुन् । त्यसकारण आज त्यो, बाह्य रूपमा जति शक्तिशाली देखिएपनि त्यो पतनोन्मुख अवस्थामा छ । लेनिनले भनेझैं, साम्राज्यवाद पुँजीवादको मरणशील अवस्था नै हो । अहिले त्यसभित्रको सङ्कट लगातार बढ्दै गइरहेको छ । साम्राज्यवादी शक्तिहरूका बिचका अन्तरविरोधहरू पनि बढ्दै गइरहेका छन् । एकातिर अमेरिकी साम्राज्यवाद र रूस, चीन समेतसितको त्यसको अन्तरविरोध बढ्दै गएको छ । भारत स्वयम् अमेरिका पक्षधर शक्ति हो । तर अहिले अमेरिका र भारतका बिचको अन्तरविरोध पनि लगातार तिब्र हुँदै गएको छ । अर्कातिर स्वयम् अमेरिकन पक्षधर शक्तिहरूको बिचमा पनि अन्तरविरोध बढेर गएको छ, जस्तै कि अमेरिका र नाटोका बिचमा क्यानडा र अष्ट्रेलिया जस्ता देशहरूसित पनि अमेरिकाको अन्तरविरोध बढ्दै गइरहेको छ । त्यो बाहेक मध्य-एसिया, दक्षिण एसिया, दक्षिण पूर्वी एसिया र अफ्रिकाका देशहरूसितको त्यसको अन्तरविरोध बढ्दै गइरहेको छ । कतिपय नयाँ उदीयमान साम्राज्यवादी शक्तिको उदयको कारणले पनि साम्राज्यवादी शक्तिहरूका बिचको अन्तरविरोध बढ्दै गएको छ । त्यसरी समग्र रूपमा के भन्न सकिन्छ भने आज बाह्य र प्रकट रूपमा अमेरिकी साम्राज्यवाद

जति शक्तिशाली जस्तो देखिए पनि आन्तरिक रूपमा त्यो झन् पछि झन् कमजोर हुँदै गइरहेको छ ।

४१. साम्राज्यवादसँग सम्बन्धित त्यसको एउटा अर्को पक्षतिर पनि हाम्रो ध्यान जानुपर्ने आवश्यकता छ । साम्राज्यवादी शक्तिहरूले विश्वव्यापी रूपमा नै एनजीओ र आईएनजीओको सञ्जाल बनाएका छन् । त्यसले एकातिर साम्राज्यवादको पक्षमा जनतामा भ्रम फैलाउने र अर्कातिर विभिन्न देशहरूका क्रान्तिकारी वा प्रगतिशील शक्तिहरूलाई कब्जा पार्ने काम पनि योजनावद्ध प्रकारले गर्ने गर्दछन् । अमेरिकी साम्राज्यवादले कैयौं देशहरूमा आफ्ना बेग्लै राजनीतिक पार्टीहरू बनाएर त्यहाँ उनीहरूलाई सत्तारूढ बनाउने र तिनीहरूको माध्यमद्वारा त्यहाँ आफ्नो साम्राज्यवादी प्रभाव कायम गर्ने प्रयत्न पनि विश्वव्यापी रूपमा नै गर्दै आएका छन् । त्यसरी आज खाली प्रत्यक्ष रूपले साम्राज्यवादका विरूद्ध सङ्घर्ष गर्नु मात्र पर्याप्त छैन र उनीहरूले विभिन्न रूपमा संसारभरि फैलाएका जाल, सञ्जाल वा भ्रमहरूको पनि भण्डाफोर गर्नेतिर हाम्रो विशेष ध्यान जानुपर्ने आवश्यकता छ । साम्राज्यवादको अर्को ठुलो शक्ति पैसा हो । उनीहरूले संसारभरि ठुलो मात्रामा पैसाको वितरण गरेर त्यहाँका जनताका विभिन्न तह राजनीतिक नेतृत्व बुद्धिजीवी आदिलाई पनि भ्रष्ट गर्ने प्रयत्न गर्दछन् वा आफ्ना एजेण्टहरुलाई जिताउने प्रयत्न गर्दछन् । त्यसकारण तिनीहरूका विरूद्ध सङ्गठित र योजनावद्ध प्रकारले वैचारिक सङ्घर्ष चलाउनु पनि आजको राजनीतिक आवश्यकता बन्न गएको छ ।•

# नेपाल कम्युनिस्ट पार्टी (मसाल)

केन्द्रीय कार्यालय

## प्रेस वक्तव्य

(२०८२ कात्तिक १४ गते बुटवलमा आयोजित पत्रकार सम्मेलनमा ने.क.पा. (मसाल)का महामन्त्री का. मोहनविक्रम सिंहद्वारा प्रस्तुत)

**आदरणीय पत्रकार मित्रहरू,**

सर्वप्रथम ने.क.पा. (मसाल) को केन्द्रीय समितिका तर्फबाट हामीले यहाँ आमन्त्रित सबै पत्रकार, अतिथि र सहभागी मित्रहरूलाई अभिनन्दन गर्न चाहन्छौँ । हाम्रो पार्टी ने.क.पा. (मसाल) को केन्द्रीय समितिको बैठक हालै सम्पन्न भएको छ । त्यसको तात्कालिक राजनीतिक परिस्थितिबारे त्यसले गरेको विश्लेषण र निष्कर्षहरूबारे जानकारी दिनको लागि यो पत्रकार सम्मलेनको आयोजना गरिएको छ ।

१. देश अहिले गम्भीर सङ्कटको मुखमा उभिएको छ । जेनजीको आन्दोलनपछि देशमा कैयौँ राजनीतिक परिवर्तनहरू भएका छन्, जसमध्ये प्रतिनिधि सभाको विघटन, अन्तरिम सरकारको गठन र देशव्यापी रूपमा भएका ध्वंसात्मक कार्यहरू उल्लेखनीय छन् । जेनजीहरूको आन्दोलन मुख्य गरेर दुईवटा विषयहरूसित सम्बन्धित छ : प्रथम, देशमा व्यापक रूपमा देखा परेको भ्रष्टाचार, द्वितीय, सामाजिक सञ्जालमाथि अनाधिकृत रूपले लगाइएको प्रतिवन्ध । देशमा जुन भ्रष्टाचार र कुशासन व्याप्त

छ, त्यसको लागि ओली सरकार त जिम्मेवार छ नै तर त्यसका लागि ओली सरकारलाई मात्र जिम्मेवार ठहऱ्याउनु सही हुने छैन । देशमा बहुदलीय व्यवस्था आएपछि वा गणतन्त्रको स्थापना भएपछि बनेका विभिन्न सरकारहरूका कारणले नै देशमा व्यापक भ्रष्टाचार वा कुशासन बढेर गएको छ । कुरा त्यहीसम्म सीमित छैन् । निरङ्कुश राजतन्त्र र पञ्चायती तानाशाही कालदेखि नै देशमा व्यापक रूपले भ्रष्टाचार, कुशासन वा राष्ट्रिय सम्पत्तिको दुरुपयोग हुँदै आएको छ र त्यस प्रकारको पृष्ठभूमिका कारणले नै जनतामा व्यापक रुपले असन्तोष, आक्रोश र निराशा पनि देखा परेको छ । जेनजी आन्दोलन पनि त्यसैको एउटा विष्फोटक रूप हो । हाम्रो पनि यो सोचाइ छ कि सामाजिक सञ्जाललाई पनि नियमन गर्न जरुरी छ । सर्वोच्च अदालतले त्यसका लागि कानुन बनाएर नियमन गर्न निर्देशन दिएको थियो । तर ओली सरकारले त्यससम्बन्धी कानुन नबनाइकन सामाजिक सञ्जालमा प्रतिवन्ध लगाउने काम गऱ्यो । त्यसैले हामीले त्यसलाई अनाधिकृत र गलत तरिका बताएका हौँ । ती दुबै कारणले नै, अर्थात देशमा व्यापक रूपमा बढेको भ्रष्टाचार, कुशासन र सामाजिक सञ्जालमाथि लगाइएको प्रतिबन्धका कारणले नै जेनजी आन्दोलन विष्फोटको रूपमा देखा परेको थियो ।

२. ओली सरकारले भाद्र २३ गते शान्तिपूर्ण तरिकाले देखा परेको जेनजी आन्दोलनमाथि शक्तिको अनावश्यक प्रयोग र नरसंहार गर्ने जुन कार्य गऱ्यो, त्यसको हामीले कडा शब्दमा विरोध र भर्त्सना गर्दछौँ । ओलीको यो दावी छ कि त्यो दिनको गोली प्रहार उनीहरूले गरेका थिएनन् र त्यहाँ प्रयोग गरेका गोली पनि प्रहरीसित थिएनन् । यदि त्यो कुरामा सत्यता छ भने ओलीले त्यसका लागि प्रमाणहरू प्रस्तुत गर्नु पर्दछ । तर अहिलेसम्म ओलीले त्यस प्रकारको कुनै प्रमाण वा ठोस आधार तयार पारेको देखिदैन । त्यसकारण २३ गतेको दमनको लागि जिम्मेवार ओली सरकार वा जिम्मेवार व्यक्तिहरूमाथि आवश्यक

छानविन गरेर कारबाही गर्नु पर्दछ भन्ने मागलाई हामीले समर्थन गर्दछौँ । तर यो पनि हाम्रो स्पष्ट सोचाइ छ कि भाद्र २३ र २४ गतेको जेनजीको आन्दोलन नयाँ युवाहरूको न्यायपूर्ण र शान्तिपूर्ण आन्दोलन भएपनि त्यसमा व्यापक घुसपैठ गरिएको थियो । २४ गते देशव्यापी रूपमा केही घण्टामा नै जुन तोडफोड, आगलागी वा ध्वंसात्मक कार्यहरू गरिए, त्यस प्रकारका कारबाहीहरू गर्न जेनजीहरूको लागि सम्भव नै थिएन र त्यस प्रकारको उनीहरूको कार्यक्रम पनि थिएन । त्यसबाट प्रष्ट हुन्छ कि २४ गतेको त्यस प्रकारको ध्वंसात्मक कार्य जेनजी आन्दोलनमा घुसपैठ गरिएका गलत तत्त्वहरूद्वारा नै गरिएको थियो । त्यस प्रकारका तत्त्वहरू को थिए ? त्यसबारे छानविन गरेर उनीहरूमाथि आवश्यक कारबाही गर्नुपर्ने आवश्यकतामा हाम्रो पार्टीले जोड दिन्छ ।

३. २४ गतेको ध्वंसात्मक कार्यका सिलसिलामा बुटवल, प्युठान, अर्घाखाँची र सुर्खेतका राष्ट्रिय जनमोर्चाका कार्यालयहरूमा पनि तोडफोड वा आगलागी गरिएको छ । जेनजीहरूको आन्दोलन भ्रष्टाचार वा सामाजिक सञ्जालमाथि लगाइएको प्रतिबन्धका विरुद्ध नै चलेको थियो । त्यो आम रूपमा थाहा भएको कुरा हो कि राष्ट्रिय जनमोर्चाका तर्फबाट कहिल्यै र कहीँ पनि भ्रष्टाचार गरिएको उदाहरण छैन । गत ३ दशक भन्दा बढी राष्ट्रिय जनमोर्चाका प्रतिनिधिहरू संसदमा जाने गरेका छन् । तर उनीहरू मध्ये कसैले अझैसम्म कुनै आर्थिक अनियमितता वा भ्रष्टाचार गरेका छैनन् । राष्ट्रिय जनमोर्चाका तर्फबाट लेखा समितिको सभापति वा उपप्रधानमन्त्री भएको बेलामा पनि कुनै भ्रष्टाचार नगरेको आम रूपमा थाहा भएको कुरा हो । सामाजिक सञ्जालमाथि लगाइएको प्रतिबन्धको पनि राष्ट्रिय जनमोर्चाले तुरुन्तै विरोध गरेको थियो । त्यसरी राजमोको कार्यालयमाथि आक्रमणको लागि कुनै नीतिगत आधार नभएको वा जेनजीहरूले पनि राजमोमाथि आक्रमण गर्नुको कुनै कारण नभएको कुरा छर्लङ्ग छ । त्यसबाट जेनजी आन्दोलनमा उनीहरू भन्दा बाहिरका तत्त्वहरूको घुसपैठ भएको र २४ गते

देशव्यापी रूपमा भएको ध्वंसात्मक कार्यका लागि त्यस प्रकारका गलत तत्त्वहरू नै जिम्मेवार भएको कुरा कुनै शङ्का रहन्न ।

४. हाम्रो यो स्पष्ट मत छ कि अहिले बनेको अन्तरिम सरकार अवैधानिक हो र त्यसले गरेको प्रतिनिधि सभाको विघटन पनि असंवैधानिक हो । अहिलेको त्यो सरकारले फागुन २१ गते प्रतिनिधि सभाको चुनावको घोषणा गरेको छ । त्यस प्रकारको अवस्थामा एकातिर देशमा प्रतिनिधि सभाको पुनर्स्थापनाको कुरा उठिरहेको छ भने त्यसका साथै चुनावको कुरा पनि भइरहेको छ । नीतिगत रूपमा संसदको पुनर्स्थापनालाई हामीले गलत मान्दैनौँ । त्यसबारे सर्वोच्चमा पनि मुद्दा चलिरहेका छ । अब संसदको पुर्नस्थापना गर्ने वा नगर्ने कुरा सर्वोच्चको हातमा गएको छ । यदि त्यसले संसदको पुनर्स्थापना गर्ने फैसला गर्दछ भने हामीले त्यसलाई स्वागत गर्दछौँ । अर्कातिर, चुनाव हुन्छ भने पनि त्यसलाई बहिष्कार गर्ने हाम्रो नीति हुने छैन । वास्तवमा हामीले संसदीय चुनावलाई सैद्धान्तिक वा रणनीतिक रूपमा स्वीकार गर्दैनौँ र त्यसलाई जनतामा राजनीतिक प्रचार र भण्डाफोर गर्ने नै हाम्रो नीति रहदै आएको छ । त्यसैले चुनाव भएको वा नभएको दुबै अवस्थामा हाम्रो त्यही नै नीति हुनेछ र चुनाव भएको अवस्थामा पनि हामीले त्यसलाई त्यही रूपमा प्रयोग गर्नेछौँ । यही सन्दर्भमा हामीले एउटा अर्को कुरा पनि स्पष्ट गर्न चाहान्छौँ । गतकालमा हामीले कैयौँपल्ट एक्लै चुनावमा भाग लिने गरेका छौँ भने विगतमा कतिपय पल्ट अन्य पक्षहरूसित गठबन्धन वा तालमेल गरेर पनि चुनावलाई उपयोग गर्ने गरेका छौँ । तर त्यस प्रकारका तालमेलहरूमा कैयौँ वामपन्थी वा प्रजातान्त्रिक पक्षहरूले इमान्दारिता नदेखाएको हुनाले आगामी चुनावमा एक्लै भाग लिने हाम्रो पार्टीको नवौँ महाधिवेशनले निर्णय गरेको छ र अहिले पनि हाम्रो त्यही नीति हुनेछ, यद्यपि अपवादको रूपमा पारस्परिक समझदारी वा विश्वासको वातावरण बनेको अवस्थामा कतिपय स्थानहरूमा तालमेल गर्ने पनि हाम्रो नीति हुनेछ ।

५. जेनजी आन्दोलनको समग्र विश्लेषण गरेपछि त्यसका पछाडि मुख्य भूमिका अमेरिकी साम्राज्यवादको नै भएको कुरामा कुनै शङ्का रहन्न । अहिलेको अन्तरिम सरकारलाई दलाइ लामाले दिएको शुभकामना त्यसको ठोस प्रमाण हो । यो आम रूपमा थाहा भएको कुरा हो कि दलाइ लामालाई अमेरिकाले नै समर्थन गरिरहेको छ र त्यसको रणनीति तिब्बतमाथि आक्रमण गरेर त्यसलाई त्यहाँ पुनर्स्थापना गर्नु हो । नेपालमा घोषित रूपले काम गरेका कतिपय तिब्बत पक्षीय तत्त्वहरूको जेनजी आन्दोलनमा प्रत्यक्ष र नेतृत्वदायी भूमिकाले पनि अमेरिकी साम्राज्यवादले जेनजी आन्दोलनलाई उपयोग गर्न खोजेको कुरामा कुनै शङ्का रहन्न । त्यसका साथै भारतीय साम्राज्यवाद र राजावादी तत्त्वहरूले पनि जेनजी आन्दोलनद्वारा आफ्ना नीजि स्वार्थहरू पूरा गर्न प्रयत्न गरेको देखिन्छ । जेनजी आन्दोलनको दौरानमा असामाजिक वा अपराधिक तत्त्वहरू पनि ठुलो पैमानामा सामेल भएको पाइन्छ । देशभरिका कैयौँ जेलहरूबाट कैदीहरू छुटेको र ठुलो पैमानामा पुलिसका हतियार लुटिएको कार्यबाट पनि जेनजी आन्दोलनलाई अवाञ्छित तत्त्वहरूले योजनाबद्ध प्रकारले प्रयोग गर्न खोजेको कुरा देखिन्छ । यस प्रकारका सबै कारबाहीहरूका पछाडि नेपाललाई असफल राष्ट्र बनाउने कुनै उद्देश्यले ता काम गरेको छैन ? यो पनि एउटा विचारणीय विषय हो ।

६. यो कुनै लुकेको कुरा होइन कि अमेरिकी साम्राज्यवादले इण्डोप्यासिफिक रणनीति अन्तर्गत नेपाललाई आफ्नो सुरक्षापंङ्क्तिभित्र ल्याउन चाहान्छ । त्यही रणनीति अन्तर्गत नै नेपालको संसदद्वारा एमसीसलाई पारित गर्न लगाइएको थियो । त्यसका साथै तिब्बतमाथि आक्रमण गर्नका लागि नेपालको भूमिलाई उपयोग गर्नु पनि अमेरिकाको उद्देश्य हो । नेपालका प्रमुख वामपन्थी वा प्रजातान्त्रिक शक्तिहरूले एमसीसीलाई पारित गरेर आफ्नो अमेरिकी साम्राज्यवाद परस्त चरित्रको प्रदर्शन गरेका थिए र हामीले पहिलेदेखि नै यो कुरा स्पष्ट गर्दै आएका थियौँ कि उनीहरूले त्यस

प्रकारको साम्राज्यवादपरस्त चरित्रको प्रदर्शन गरेपनि अमेरिकाले उनीहरूमाथि पूरै विश्वास गर्दैन र त्यसले नेपालमा त्यस्तो सरकार कायम गर्न चाहन्छ जसले सिधै अमेरिकाको निर्देशनमा काम गरोस् र चीनका विरूद्ध तिब्बतप्रतिको अमेरिकाको नीतिलाई पूरै लागु गरोस् । त्यसैले अहिले अमेरिकापरस्त चरित्र देखाएका पुराना सबै पार्टीहरूलाई पनि हटाएर त्यसले आफ्नै प्रकारको सरकारको निर्माण गर्न चाहन्छ । अहिलेको जेनजी आन्दोलन र त्यसद्वारा गठन गरिएको अन्तरिम सरकारका पछाडि पनि अमेरिकाको त्यही रणनीतिले काम गरेको छ । अहिलेको सरकारद्वारा त्यसको त्यो उद्देश्य पूरा नहुने अवस्थामा त्यसले अहिलेको सरकारलाई पनि हटाएर पूरै नै आफ्नो पक्षमा काम गर्ने सरकारको गठन गर्ने सम्भावनालाई पनि अस्वीकार गर्न सकिन्न । त्यो अवस्थामा यो अनुमान गर्न मुस्किल पर्दैन कि अहिलेको जेनजी आन्दोलन वा अन्तरिम सरकार अमेरिकाको त्यस प्रकारको रणनीतिको पूर्तिको दिशामा प्रारम्भिक कदम मात्र हुन् ।

७. अहिले वर्तमान संविधानलाई खारेज गर्ने, अन्तरिम सरकार बनाउने वा प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखको चुनाव गर्ने कुराहरू निकै उठिरहेका छन् । त्यस प्रकारका सबै सोचाइहरूलाई हाम्रो पार्टीले गलत मान्दछ र अस्वीकार गर्दछ । वर्तमान संविधानमा सामेल सङ्घीयतालाई हाम्रो पार्टीले सुरुदेखि नै गलत मान्दै आएको छ र खारेज गर्नुपर्ने आवश्यकतामा जोड दिन्छ । तैपनि यो संविधानमा व्यवस्था गरिएका गणतन्त्र, धर्मनिरपेक्षता, मौलिक अधिकार वा बहुदलीय व्यवस्थालाई हामीले सही मान्दछौँ र तिनीहरूलाई खारेज गर्ने कुनै पनि कुराको हामीले दृढतापूर्वक विरोध गर्दछौँ । राजावादी र भारतपरस्त तत्वहरूले पहिले देखि नै अहिलेको संविधानलाई खारेज गर्ने कुरामा जोड दिँदै आएका छन् । त्यसबाट गणतन्त्र तथा देशको राष्ट्रियता र अखण्डतामा नै बाधा पुग्नेछ । समग्र रूपमा हामीले अहिलेको संसदीय वा प्रधानमन्त्री प्रणालीलाई पनि सही मान्दैनौँ र त्यसका ठाँउमा नयाँ जनवादी

व्यवस्था कायम गर्नुपर्ने आवश्यकतामा जोड दिन्छौँ । तैपनि हाम्रो यो मान्यता छ कि प्रत्यक्ष रूपले कार्यकारी प्रमुख राष्ट्रपति वा प्रधानमन्त्रीका तुलनामा संसदद्वारा निर्वाचित प्रधानमन्त्री प्रणाली नै बढी प्रजातान्त्रिक हुन्छ । किनभने त्यो अवस्थामा सरकारमाथि जनताका प्रतिनिधिद्वारा नियन्त्रण राख्नु बढी सम्भव हुन्छ । प्रत्यक्ष रूपले निर्वाचित कार्यकारी प्रमुखको प्रमुख उदाहरण अमेरिका नै हो । त्यहाँ पनि राष्ट्रपति कति धेरै फासिष्ट हुँदो रहेछ ? त्यो कुरा ट्रम्पको शासन प्रणालीले बताइसकेको छ र त्यहाँ पनि त्यस प्रकारको प्रणाली अफाप भएको कुरा जोडदार प्रकारले उठ्न थालिरहेको छ । त्यो अवस्थामा नेपाल जस्तो प्रजातान्त्रिक अभ्यास कम भएको देशमा प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखबाट देश अधिनायकवादतिर जाने कुरा निश्चित छ । विभिन्न साम्राज्यवादी देशहरूले पनि नेपालमा प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख भएमा उनीहरूलाई आफ्ना साम्राज्यवादी नीतिहरू लागु गर्न बढी सजिलो हुन्छ भन्ने सोचेर नै उनीहरूले पनि प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखमा जोड दिइराखेका छन् । त्यसैले खाली प्रजातन्त्र मात्र होइन, देशको राष्ट्रियताको रक्षामाथि विचार गर्दा पनि प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखको व्यवस्था नेपालको हितमा नभएको कुरा प्रष्ट छ ।

८. अहिले देशको राजनीतिमा पुस्तान्तरणको प्रश्न निकै उठ्ने गरेको छ । त्यस प्रकारको सोचाइ अन्तर्गत केही खास उमेर वा वृद्धावस्थामा पुगेपछि कुनैपनि व्यक्ति कुनै प्रकारको राजनीतिक नेतृत्व, पार्टी वा सरकारको नेतृत्वमा रहनु हुन्न र सम्पूर्ण नेतृत्व जेनजी वा नयाँ पुस्तामा नै हस्तान्तरण हुनुपर्दछ भन्ने कुरा जोडले उठेको पाइन्छ । त्यो सिद्धान्तहीन र संसारको कुनै पनि देशको प्रचलनमा नभएको गलत प्रकारको सोचाइ हो । निश्चय नै, उमेर बढ्दै गएपछि कुनै व्यक्तिमा शारिरीक वा मानसिक क्षमता कम हुँदै जान्छ र उनीहरू खाली राजनीतिमा मात्र होइन, सबै प्रकारको जिम्मेवारीबाट हट्नु पर्छ । तर उनीहरू कति वर्ष पुगेपछि त्यस

प्रकारको जिम्मेवारीबाट हट्नुपर्दछ ? त्यसको कुनै सर्वमान्य नियम छैन । कसैको सोचाइ, दृष्टिकोण, क्षमता कमजोर भएमा कैयौँ व्यक्तिहरूलाई जवान अवस्थामा पनि विभिन्न जिम्मेवारीबाट हटाइएका थुप्रै उदाहरणहरू पाइन्छन् भने वृद्धावस्थामा पुगेपछि पनि विभिन्न प्रकारका राजनीतिक जिम्मेवारीहरू पूरा गरेका कैयौँ उदाहरणहरू पनि संसारमा थुप्रै पाइन्छन् । खाली जवान भएको कारणले मात्र कुनै व्यक्ति कुनै राजनीतिक नेतृत्व गर्न योग्य हुँदैन । जवान मान्छेहरू पनि विभिन्न असामाजिक वा अपराधजन्य वा भ्रष्ट कार्यहरूमा संलग्न भएका उदाहरणहरू संसारमा धेरै पाइन्छन् । त्यसकारण कुनै पनि प्रकारको जिम्मेवारीका लागि उमेरलाई नै एक मात्र कसौटी बनाउने सोचाइ पूरै नै गलत हो र संसारमा कहीँ पनि त्यस प्रकारको प्रचलन पाइँदैन र अहिले नेपालमा चलेको त्यस प्रकारको सोचाइका पछाडि पनि कुनै तर्कसङ्गत आधार नभएको कुरा प्रष्ट छ ।

९. अन्तमा एउटा कुरा प्रष्ट छ, अहिले देशमा भ्रष्टाचार र कुशासन विरुद्ध जुन कुरा जोडदार रूपमा उठिरहेको छ, त्यो सही र आवश्यक दुबै छ । भ्रष्टाचार र कुशासनका कारणले नै राष्ट्रिय सम्पत्ति वा देशका प्राकृतिक स्रोत र सम्पदाहरूको सही प्रयोग हुन पाउँदैन र त्यसैले देशको विकास पछाडि परेको छ । देशमा त्यस्तो स्थिति उत्पन्न हुनुको कारण यो हो कि भ्रष्ट तत्त्वहरूले नै ठूलो पैमानामा चुनाव जित्दछन् र उनीहरू नै सरकारमा जान्छन् । त्यसको समाधान एउटै छ, भ्रष्टचार नगर्ने र निष्कलङ्क छवि भएका पार्टीका उम्मेदवारहरूले नै चुनावमा जित्नु पर्दछ र त्यस प्रकारका पार्टीहरूले चुनाव जितेमा नै देशमा अहिलेको भ्रष्टाचार र कुशासन अन्त भएर देशको विकास हुन सक्नेछ । आज पुराना पार्टीहरू वा तिनीहरूका नेताहरूलाई चुनावबाट पाखा लगाउनु पर्छ भन्ने आवाज जेनजीहरूबाट निकै उठेको पाइन्छ । तर सवाल पुरानो वा नयाँको होइन, हाम्रो मुख्य नारा यो हुनु पर्दछ, सबै भ्रष्ट तत्त्वहरू वा त्यस प्रकारका पार्टीहरूलाई पाखा लगाउनु

पर्दछ । कतिपय नयाँ आएका राजनीतिक सङ्गठनहरूले पुराना पार्टीहरूलाई पाखा लगाएर उनीहरू नै अगाडि आएपछि देशको विकास हुन सक्नेछ भनेर जनतालाई भ्रम दिएको पनि पाइन्छ । तर लामो अनुभवको परिक्षा वा कसौटीमा नगइकन खाली नयाँ भएको कारणले नै कसैलाई समर्थन गर्नु अवश्य पनि सही हुने छैन । नेपालको राजनीतिमा लामो अनुभवबाट यो कुरा थाहा भएको कुरा हो कि राष्ट्रिय जनमोर्चा नै यस्तो राजनीतिक पार्टी हो जसका सांसदहरूले संसदमा चुनिएका वा सरकारमा भएको बेलामा पनि कुनै आर्थिक अनियमितता र भ्रष्टचार गर्ने गरेका छैनन् । हामीले खाली राजमोको मात्र कुरा गर्दैनौं, अरु पनि त्यही प्रकारका पार्टी वा नेताहरू छन् भने तिनीहरूलाई पनि जनताले जिताउनु पर्दछ । अनि मात्र देशमा भ्रष्टचार र कुशासन बन्द हुनेछ र देशको विकास हुनेछ । तर व्यवहारमा के हुने गरेको छ भने जसले धेरै भ्रष्टाचार गर्छन्, उनीहरूसित नै अरबौं रुपैया हुन्छ र उनीहरूले चुनावको बेलामा ठूलो पैमानामा पैसा बाढेर चुनाव जित्ने गर्दछन् । चुनावको त्यस प्रकारको भ्रष्ट सिलसिला कायम हुँदासम्म देशको कहिल्यै पनि विकास हुन सक्ने छैन । कैयौं साम्राज्यवादी, प्रतिक्रियावादी वा भ्रष्ट तत्त्वहरूले पनि चुनावको बेलामा ठुलो पैमानामा भ्रष्टचार गरेर चुनाव जित्ने गर्दछन् । चुनावको त्यस प्रकारको भ्रष्ट प्रणाली कायम हुँदासम्म देशमा कहिल्यै पनि भ्रष्टाचार र कुशासन बन्द हुने छैन र देशको विकास हुन सक्ने छैन । त्यो वास्तविकताप्रति हामीले सम्पूर्ण देश र जनताको ध्यान आकर्षित गर्न चाहन्छौं ।

२०८२ असोज १४ गते

मोहनविक्रम सिंह
महामन्त्री